# लेखापरीक्षण प्रतिवेदन

# चौदण्डगढी नगरपालिका, उदयपुर

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## चौदण्डगढी नगरपालिका, उदयपुर

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/98

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
चौदण्डीगढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
उदयपुर ।

## कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

**हाम्रो रायमा,**यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । नगरपालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. २४ करोड १९ लाख ६७ हजार, गरिबसंग विश्वेश्वर कार्यक्रमको रू. ४ लाख १५ हजार र पर्यटन पूर्वाधार विकास कार्यक्रम रु.१३ लाख ९१ हजार समेत रु. २४ करोड ३७ लाख ७३ हजार सुत्र प्रणालीमा आवद्ध हुन सकेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गर्न सकेको छैन ।

२. नगरपालिकाको रू. १ अरब ९७ करोड ४५ लाख ६८ हजारको लेखापरीक्षण गरिएकोमा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा रू.४ करोड ४० लाख ८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा पालिकाबाट कुनै प्रतिक्रिया प्राप्त भएकोमा छैन । उक्त बेरुजु मध्ये असुल गर्नुपर्ने रू. ८३ लाख ४९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड १८ लाख ८२ हजार, नियमित गर्नुपर्ने रु. १ करोड १५ लाख २७ हजार र पेस्की बाँकी रू. २२ लाख ४९ हजार रहेको छ। गतवर्षसम्म रु. २० करोड ४५ लाख ४७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २४ करोड ८५ लाख ५५ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने चौदण्डीगढी नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी चौदण्डीगढी नगरपालिकाको व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्हित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ८७ | १०२ | ४,४०,०८,४५० | ० | ० | ० | ० | ८७ | १०२ | ४,४०,०८,४५० | ८३,४९,४१० | १,१५,२७,४२३ | २,१८,८२,६१७ | ० | ० | ३,३४,१०,०४० | २२,४९,००० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| उदयपुर | २०,४५,४७,००० | ० | ० | २०,४५,४७,००० | 0 | ४,४०,०८,४५० | २४,८५,५५,४५० |

# (८०१११४०२३०० - चौदण्डगढी नगरपालिका, उदयपुर )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्वेश्य रहेको छ ।यस पालिकामा १० वडारहेको छ भने क्षेत्रफल २८३.७८ वर्ग किलोमिटर तथा ५३६३१ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्वेश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०८।०४ देखि २०८१।०८।१० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु.१,९७,४५,६८,६६६.१८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ६६८४१५९.५८ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.न. | विवरण | दाखिला मिति | राजस्व दाखिला रकम |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | २०८१।८।२० | ६६१९४३९.५८ |
| २ | संघीय सशर्त (दिवा खाजा वापत) | २०८१।८।५-९ | ६४७२०.०० |
| | | जम्मा | ६६८४१५९.५८ |



राजस्व व्यवस्थापन सुचना प्रणाली बाट सिर्जित भौचर

UnPaid Voucher

RASTRIYA BANIJYA BANK LTD POSTED 05 DEC 2024

भौचर विवरण

राजस्व जम्मा गर्नेको विवरण

कारोबार सङ्केत:

कार्यालय: 305011101-कोष तथा लेखा नियन्त्रक कार्यालय, उदयपुर

नाम: चौदण्डिगढी नगरपालिका

ठेगाना: चौदण्डीगढी-6,बेल्टार

फोन: chaudandigadhi

| सि.नं. | भौचर.नं. | शिर्षक विवरण | वापत | रकम | आय वर्ष |
|---|---|---|---|---|---|
| १ | | बेरूजू | खाता खोलेदेखी आब २०८०।०८१ सम्म रकम नझिकिएकोले लाभग्राही यकिन गरी रकम फिर्ता गरिएको | ६६१९४३९.५८ | २०८०/८१ |

छैसठी लाख उन्नाइस हजार चार सय उनन्चालीस रुपैंया मात्र , अन्ठाउँन्न पैसा — जम्मा ६,६१९,४३९.५८

Deposit in Bank : Rastriya Banijya Bank

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय विवरणको स्थिति/अवस्था**

२.१ वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०)सम्बन्धमा निम्नअनुसार देखिएको छः-

१. वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०)

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब.को कारोबार |
| | | | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | |
| ११००० | कर | | १४,९३,८७,७५९.२५ | ० | १४,९३,८७,७५९.२५ | १३,१६,४४,७२९.५६ |
| १३००० | अनुदान | | ४८,३०,१४,४३४.१६ | ० | ४८,३०,१४,४३४.१६ | ५२,५०,१२,१७४.६५ |
| १४००० | अन्यराजस्व | | २,८७,३९,०२८.४० | ० | २,८७,३९,०२८.४० | २,२७,२३,९६१.७६ |
| १५००० | विविधप्राप्ति | | ७,४९,७६०.०० | ० | ७,४९,७६०.०० | ० |
| क | **कुलजम्मा प्राप्ति** | | ६६,१८,९०,९८१.८१ | | ६६,१८,९०,९८१.८१ | ६७,९३,८०,८६५.९७ |
| ३ | चालु | | ५०,१६,५८,७४६.७८ | ० | ५०,१६,५८,७४६.७८ | ४४,८८,५८,३६९.६५ |
| २१००० | पारिश्रमिक / सुविधा | | २८,१९,६१,३०१.१८ | ० | २८,१९,६१,३०१.१८ | २८,३९,११,०२९.२१ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | | १३,९८,८९,८६०.०४ | ० | १३,९८,८९,८६०.०४ | १३,७०,५३,१३६.४४ |
| २५००० | सहायता(Subsidy) | | ६,०४,३५,३५८.६६ | ० | ६,०४,३५,३५८.६६ | १,९३,३९,१०५.०० |
| २६००० | अनुदान | | ५,५०,०००.०० | ० | ५,५०,०००.०० | ५०,०००.०० |
| २७००० | सामाजिकसुरक्षा | | १,२३,६४,२४०.९० | ० | १,२३,६४,२४०.९० | ७३,४४,१९९.०० |
| २८००० | अन्यखर्च | | ६४,५७,९८६.०० | ० | ६४,५७,९८६.०० | ११,६०,९००.०० |
| ४ | पूंजीगत | | १४,२९,८०,०६३.६३ | ० | १४,२९,८०,०६३.६३ | २२,८७,४३,९०८.५५ |
| ३१११० | भवनतथा संरचना | | १,७३,८७,९७१.०० | ० | १,७३,८७,९७१.०० | ५८,४९,५९३.०० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ७५,९०,६६५.०० | ० | ७५,९०,६६५.०० | ९८,२०,३३४.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | | २,९४,०००.०० | ० | २,९४,०००.०० | ४३,६०,७००.०० |
| ३११५० | सार्वजनिकनिर्माण | | ११,७७,०७,४२७.६३ | ० | ११,७७,०७,४२७.६३ | २०,६५,४९,९१९.५५ |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | | ० | ० | ० | २१,६३,३६२.०० |
| ५ | वित्तीय | | ० | ० | ० | ० |
| ख) | **कुलजम्मा भुक्तानी** | | ६४,४६,३८,८१०.४१ | | ६४,४६,३८,८१०.४१ | ६७,७६,०२,२७८.२० |
| ग) | **बचत /कमी (ग = क-ख )** | | १,७२,५२,१७१.४० | | १,७२,५२,१७१.४० | १७,७८,५८७.७७ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | | (२,७३,७४४.०२) | | (२,७३,७४४.०२) | ४२,६९,४५२.०० |
| घ.१) | **कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी** | | | | | -९,८४०.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | १,६९,७८,४२७.३८ | | १,६९,७८,४२७.३८ | ६०,४८,०३९.७७ |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | | २,१५,४२,७५८.३० | | २,१५,४२,७५८.३० | १,५४,९४,७१८.५३ |
| छ) | **विनिमयनाफा/घाटा तथा अन्य समायोजन** | | | | | |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | ३,८५,२१,१८५.६८ | | ३,८५,२१,१८५.६८ | २,१५,४२,७५८.३० |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले निम्न शिर्षकहरु सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| सि.न. | शिर्षक | बजेट | खर्च |
|---|---|---|---|
| १. | सामाजिक सुरक्षा तथा संरक्षण | २४२६८२०००.०० | २४१९६७५५२.०० |
| २. | गरिबसंग बिश्वश्वर कार्यक्रम | ४१५०००.०० | ४१५०००.०० |
| ३. | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३००३०००.०० | ०.०० |
| ४. | पर्यटन पुर्वाधार विकास कार्यक्रम | १५०००००.०० | १३९११७९.०० |
| जम्मा | | २४७६०००००.०० | २४३७७३७३१.०० |

२.३ फरक हिसाब- यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.९८४०.०० , यस वर्षको प्राप्ति रु. ३३९२४५४९०.६१, यस वर्षको भुक्तानी रु.३२८७९३३८३.३५ र बैङ्क मौज्दात रु.१०७३५६९१.२८ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | २१५४२७५८.३० | ६६१८९०९८१.८१ | ६४४६३८८१०.४१ | ३८५२११८५.६८ |
| एकीकृत आर्थिक विवरणअनुसार | २१५५२५९८.३० | १००११३६४७२.४२ | ९७३४३२१९३.७६ | ४९२५६८७६.९६ |
| फरक | ९८४०.०० | ३३९२४५४९०.६१ | ३२८७९३३८३.३५ | १०७३५६९१.२८ |

२.४

फरक जिम्मेवारी- पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.२१५५२५९८.३० मौज्दात रहेकोमा यो वर्ष सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) रु.२१५४२७५८.३० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.९८४०.०० बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको छ ।

२.५ बैङ्क हिसाब विवरण- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ ।सो बमोजिम बैंक खाता र श्रेस्ताको कारोबारको फरकलाई पुष्टी गर्ने बैंक हिसाब मिलान बिवरण(म.ले.प.फा.न.२१२) फरक देखिएको छ ।पालिकाले देहाय बमोजिम श्रेस्ता अनुसार अषाढ मसान्तको बैंक मौज्दात रु.४७२४१९०५.८८ देखिएकोमा सो अवधिमा बैंक अनुसार बैंक मौज्दात रु.५१३१८६०५.०० देखिएको छ ।

| सकेंत | खाताको प्रकार | स्रेस्ता अनुसार बाँकी रू. | बैंक अनुसार बाँकी रू. | फरक |
|---|---|---|---|---|
| ग १.१ | आन्तरिक राजस्व खाता | १०१७००.०७ | ० | १०१७००.०७ |
| ग १.२ | बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| ग १.३ | आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ग ६.१ | स्थानीय तह विभाज्य कोष खाता | ६९००.०० | ० | ६९००.०० |
| ग ४.१ | स्थानीय तह सञ्चित कोष खाता | ३३४३४११०.८३ | ३३९३४१११.४१ | ५०००००.५८ |
| ग ३.१ | स्धानीय तह धरौटी खाता | ९१६१२५८.०० | ११८५४१८१.५७ | २६९२९२३.५७ |
| ग २.१ | चालू खर्च खाता- विजोर वर्ष | १४७६१०.४८ | २१७९०.६८ | १२५८१९.८० |
| ग २.२ | चालू खर्च खाता- जोर वर्ष | ० | ० | ० |
| ग २.३ | पूँजिगत खर्च खाता- विजोर वर्ष | ० | ५०१०.०० | ५०१०.०० |
| ग २.४ | पुँजीगत खर्च खाता- जोर वर्ष | ० | ० | ० |
| ग २.७ | विविध खर्च खाता | ४३९०३२६.५० | ५२७९७७७.६० | ८८९४५१.१० |
| ग ७.२ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ० | २२३७३३.९९ | २२३७३३.९९ |
| **जम्मा** | | ४७२४१९०५.८८ | ५१३१८६०५.०० | ४५४५५३९.११ |

२.६ नगद बांकी- आन्तरिक राजस्व खाता (ग १.१) मा जम्मा गर्न बांकी नगद मौज्दात रकम रू.२३८७१.८० वित्तिय प्रतिवेदनमा देखिएकोले उक्त रकम बैंक दाखिला गरी हिसाब मिलान गर्नुपर्दछ ।

## ३ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।०३।१० मा रू. ७७ करोड २४ लाख ५४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।१० मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरि सक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## ४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरी तयार गर्नुपर्ने व्यबस्था रहेको छ ।पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथी विश्वस्त हुन सक्ने अवस्था छैन ।यस सम्बन्धमा परीक्षण गर्दा नगरपालिकाले एक आर्थिक बर्ष भित्र भएको आर्थिक कारोबारको अनुसुची ११ बमोजिमको ढाँचामा बार्षिक प्रतिवेदन तयार नगरेको, अन्तरसरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार नगरेको, दीगो बिकास लक्ष्य पुरा गर्न वातावरण सँरक्षण लगायत आन्तरिकीकरणको लागि एकिकृत दीर्घकालिन योजना तयार नगरेको, पालिका स्तरको सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको, सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको, नगरपालिकाले विगतमा परामर्शदाताबाट बिस्तृत परियोजना प्रतिवेदन तयार गरकोमा सोको कार्यान्वियन र अध्यावधिक अभिलेख नराखेको, नगरपालिकाले आफ्नो क्षेत्रभित्रत्का बिद्यालय गर्न अनुगमन मापदण्ड तयार नगरेको, बिद्यालय अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यबस्था नरहेको, कार्यालयले उदेश्य प्राप्तीमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको, म.ले.प फाराम ८०१ देखि ८०५ सम्मका लेखा परीक्षण तथा बेरुजु व्यबस्थापन सम्बन्धी फारामहरु अभिलेख नराखेको, मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाँउ विकास समिति तथा व्यक्तिगत नाममा रहेको पेश्की तथा बेरुजु र कोष तथा खातामा बाँकी रहेको रकम नगरपालिकामा जिम्मेवार सारेको र नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गरेको अभिलेख नराखेको र जिन्सी निरीक्षण गरेता पनि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(१) अनुसारको प्रतिवेदन नगरेको लगायतका व्यहोरा देखिएकोले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यबस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ५ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्यस्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

## ६ आयको स्थिति

६.१ आय अनुमान- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवाशुल्क, दस्तुर लगायत अन्य वापत अनुमानित रू.१,९९,१२,६५०.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.१,६१,१३,२३०.७६ अर्थात अनुमान भन्दा १९ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

६.२ आन्तरिक आय- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय

अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७२९८९९९८६.१६ | १,६१,१३,२३०.७६ | २.२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

६.३ कर तथा शुल्क असुली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पती कर | ३०,००,०००.०० | ३६,४३,७८०.०७ | १२१ |
| भुमिकर/मालपोत | १,००,०००.०० | १६,१३८.०० | १६ |
| वहाल कर | १०,००,०००.०० | १०,०४,००७.२० | १०० |
| वहाल विटौरी कर | २३,००,०००.०० | २०,०१,६७९.०० | ८७ |
| व्यवसायले भुक्तानीगर्ने | ० | १,०५,५००.०० | |
| अखेटोपहारमा लाग्नेकर | ९७,६५०.०० | ० | |
| अन्य कर | २१,५०,०००.०० | १,८५,७९५.०० | ८.६ |
| पर्यटन शुल्क | ५०,०००.०० | ० | |
| अन्य बिक्रीबाटप्राप्त रकम | २०,००,०००.०० | १,०१,७००.०० | ५ |
| अन्य सेवा शुल्क तथाबिक्री | ८,००,०००.०० | ८,०५,३२०.०० | १००.६ |
| न्यायिक दस्तूर | ५,०००.०० | ८,८५०.०० | १७७ |
| परीक्षा शुल्क | ० | १,५००.०० | |
| अन्य प्रशासनिक सेवाशुल्क | २०,००,०००.०० | ९,७८,३३१.५९ | ४९ |
| पार्किङ्ग शुल्क | १,००,०००.०० | ० | |
| नक्सापास दस्तुर | १०,००,०००.०० | ८,१०,७१५.७० | ८१ |
| सिफारिश दस्तुर | ५,००,०००.०० | २९,०९,५२७.२० | ५८२ |
| व्यक्तिगत घटनादर्ता दस्तुर | २,००,०००.०० | ४,८४,४८०.०० | २४२ |
| नाता प्रमाणितदस्तुर | ५,००,०००.०० | २,३१,११०.०० | ४६ |
| व्यावसायरजिष्ट्रेशन दस्तुर | १०,००,०००.०० | ६८,१५०.०० | ६.८ |
| व्यबसाय कर | ० | ८१४८७१.०० | |
| जलस्रोत सम्बन्धीअन्य दस्तुर | ६०,०००.०० | ५००.०० | ०.८ |
| न्यायिक दण्ड, जरिवाना र जफत | १,५०,०००.०० | ३०,५००.०० | २० |
| धरौटी सदरस्याहा | ० | १५,३५०.०० | |
| अन्य राजस्व | २५,००,०००.०० | ३,९६,७९२.०० | १५.८७ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

६.४ व्यवसाय कर - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर शिर्षकमा रु. ८,१४,८७१.०० कर सङ्कलन

गरेको देखिन्छ ।पालिकाको क्षेत्र भित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।

७ **सेवा प्रवाह**

कार्यालयको मूख्य उदेश्य हासिल गर्न सेवाग्रहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो ।पालिकाले यस बर्ष आर्थिक, सामाजिक र पुर्वाधार विकासका अतिरिक्त नियमित सेवातर्फ नागरिकता सिफारिस १७९७, घरबाटो सिफारिस ९१३, नाता प्रमाणित ११३३, जन्म, मृत्यु र दर्ता २१०८ अन्य सेवा ९९३५ लगायतका सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरी र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

८ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

९ **बार्षिक खरिद योजना/ गुरूयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १४ करोड २९ लाखको पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरु योजना नबनाई खरिद कार्य गरेको देखियो।अतःपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

१० **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

११ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ३८९ वडाको लागि वडागत र पालिकास्तरका कुल ५१७ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र.स. | कार्यक्रमको नाम | योजना संख्या | रू.२० लाख माथिका योजना संख्या | रू. ५ लाख देखि २० लाख माथिका योजना संख्या | रू. ५ लाख सम्मका योजना संख्या |
|---|---|---|---|---|---|
| १ | पालिका स्तरीय योजना | ५१७ | ५९ | १६४ | २९४ |
| २ | वडा स्तरीय योजना | ३८९ | १ | १६ | ३७२ |
| जम्मा | | ९०६ | ६० | १८० | ६६६ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावीनहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ९०६ योजनामात्र कार्यान्वियन भएको देखिन्छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

## १२ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र.सं | बजेट शिर्षक उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| १ | समानीकरण अनुदान | ९२६१७ | १६८६९ | १८५१२ | २१९८२ | ३५२५४ | १६९४२ |
| २ | आन्तरिक स्रोत | ३२७० | १८७८ | ४०० | ५७८ | ४१४ | २७९ |
| ३ | राजस्व बाँडफाँड | ९६५३ | ० | २०७६ | २३७९ | ५१९८ | ४०६१ |
| ४ | सघींय सशर्त अनुदान | २०२१७ | २५०० | १५४५ | ६१८५ | ९९८७ | ५७२३ |
| ५ | सघींय समपुरक | ४९५० | ० | ० | ० | ४९५० | ४९५० |
| ६ | प्रदेश सशर्त अनुदान | १२२७१ | २२५ | ० | १६७१ | १०३७५ | ४९६४ |
| **जम्मा** | | १४२९७८ | २१४७२ | २२५३३ | ३२७९५ | ६६१७८ | ३६९१९ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.१४२९७८.००(हजारमा) खर्च भएकोमा प्रथम त्रैमासिक मा रु.२१४७२.०० (१५ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२२५३३.००(१५.७६ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.३२७९५.०० (२३ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरीनै चौथो त्रैमासिकमा रु.६६१७८.०० (४६.२८ प्रतिशत) र अषाढमा महिनामा रु.३६९१९.००(२५.८२ प्रतिशत) मात्र खर्च देखिनुले चौथो त्रैमासिक र अषाढ महिनामा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

## १३ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७६५२४००० | ४९३६२५२२ | ७.६५ |
| २ | सामाजिक विकास | ३९८९१३००० | ३४७८५३४०३ | ५३.९६ |
| ३ | पूर्वाधार विकास | १२२८६३००० | ८७४७३३८६ | १३.५७ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | ८४३७५०० | ४५७०७२५ | ०.७१ |
| ५ | कार्यालय सञ्चालन तथाप्रशासनिक | १७६८७०२९५ | १५५३७८७७३ | २४.११ |
| **जम्मा** | | ७८३६०७७९५ | ६४४६३८८१० | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी ०.७१ प्रतिशत र सामाजिक विकास सबै भन्दा बढी ५३.९६ प्रतिशत रहेको छ।

## १४ खर्च बिश्लेषण

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. १,६१,१३,२३०.७६, राजस्व बाँडफाँड र अनुदानबाट रु.६९५०९७३५५.५२ समेत रु.७११२१०५८६.२८ आम्दानी भएकोमा चालु तर्फ रु.५०१६५८७४६.७८ र पूँजिगत तर्फ रु.१४२९८००६३.६३ समेत रु.६४४६३८८१०.४१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१०६४८०००.०० खर्च भएको छ जुन आन्तरिक आयको ६६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७७.८ प्रतिशत चालु र २२.२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १५ ठेक्काको अवस्था

१५.१ ठेक्का अभिलेख- सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१५.२ ठेक्का व्यवस्था - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ३०.६७ देखि ६८.४५ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समानै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| २ | Construction of 4 no. ward building , Basaha | 01/CGM/080/081 | Beltare Nirman Sewa , Chau . Na. Pa. 7 | ३३५७६४९.६१ | २१७५६४४.३१ | ३५.२ |
| ४ | Construction of agricultural market place, ward no 4 , Basaha | | Khimhang Construction Pvt Ltd | ५९९४५४०.०० | १८९११६२.८१ | ६८.४५ |
| ६ | Construction of Debi khola Kalikhola Culvert Ajingare , Chau na pa -3 | 09/CGM/080/081 | Samatange Nirman Sewa | २३२७७८१.१६ | १२८१७७५.११ | ४५ |
| ७ | Water supply project , ward no 3 | 07/CGM/080/081 | Prinsa Nirman Sewa | ६१८०५४४.२२ | ४२८४६४२ | ३०.६७ |
| ९ | Bagbirko ghar dekhi saureli tole chipring tole dekhi bhorleni road upgrade | 06/CGM/080/081 | Siddharth nirman sewa | १९४८६०००. | १०४२३७४८ | ४६. |

## १६ एकमुष्ट बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा एकमुष्ट नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष रु.१६७४८३२९.०० एकमुष्ट बजेट व्यवस्था खर्च गरेको छ । बजेट एकमुष्टमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

एकमुष्ट बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| १. | भैपरी आउने आकस्मिक खर्च | १००००००.०० |
| २. | कार्यक्रम खर्च दायित्व | ८९५२७९.०० |
| ३. | विविध दायित्व | ४७३०५०.०० |
| ४. | विपद् व्यबस्थापन भैपरी तथा तारजाली | ४०५००००.०० |
| ५. | जोड कोष | २९०००००.०० |
| ६. | मर्मत संम्भार तथा भैपरी | ४६३००००.०० |
| ७. | नगर योजनाहरुको डि पि आर | १९०००००.०० |
| ८. | बैकल्पिक उर्जा समपुरक | १८००००.०० |
| जम्मा | | १६७४८३२९.०० |

## १७ तलबी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ भने सघिय मामिला तथा समान्य प्रशासन मन्त्रालयको प.स. ०७६।७७, च.न.१८० र मिति

०७६।५।१८ (मन्त्रिस्तरिय) को निर्णय अनुसार स्थानीय तहका कर्मचारी र सघंबाट स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकका सम्बन्धित जिल्लाको को.ले.नि.का.बाट तलब प्रतिवेदन पारित गराइ तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ। तर पालिकाले तलवी प्रतिवेदन पारित बेगर स्थायी कर्मचारीको पारिश्रमिकमा कुल रु २,८८,७७,२२५/ खर्च लेखेको पाइयो। यसबाट कर्मचारीको वास्तविक पाउने तलव तथा ग्रेड रकम के कति हो यकिन र्गन सकिएन। अतः तलवी प्रतिवेदन पारित गरेर मात्र खर्च लेख्नुपर्दछ।

## १८ कृषी अनुदानको सार्वजनिकरण

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी,पशुपन्छी, बालीनाली,मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार,प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट २८ जनाको लागि रु ५००००० खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| क्र.सं. | अनुदानको किसिम | व्यक्ती संख्या | रकम रु हजारमा | कैफियत |
|---|---|---|---|---|
| १ | धान पकेट बिकास कार्यक्रम | २८ घरधुरी | ५०० | संघिय सरकार |

## १९ नाम नामेसी नखुलेको धरौटी सदरस्याहा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७को नियम ६८(घ) अनुसार कस्ले के वापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभई बैंक खातामा मौज्दात रहेको रकम कार्यालयले राजश्व खातामा आम्दानी बाध्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले पेश गरेको आ.व ०८०।०८१ को धरौटीको व्यक्तिगत विबरण अनुसार जम्मा रु २,४३,५००।००धरौटीमा रहेको रकमको नामनामेसी नखुलाई आम्दानी जनाउदै अल्या गरेको देखियो । यसरी नियममा भएको स्पष्ट व्यवस्था विपरित कार्यालयले राजश्व आम्दानी बाँधेको नदेखिएकोले उक्त रकम राजश्व आम्दानी बाँधी सोको प्रमाण पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४३,५०० |

## २० कर्मचारी व्यवस्थापन तथा करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवशयकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन सरँचना कायम हुने साथै सोही ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचे लगायत पदमा करार सेवामा कर्मचारी राख्न सक्ने उल्लेख छ। मिति २०७९।३।३० को गाँउसभाबाट स्वीकृत भएको सङ्गगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार प्रमुख प्रशासकिय अधिकृत सहित १८१ जनाको दरबन्दी स्वीकृत रहेकोमा १३९ जना मात्र पदपुर्ति भई बाकी ४२ पद रिक्त रहेकोमा करार कर्मचारी १६१ जना राखी वर्षभरिमा जम्मा रु.४८७१५५९७ /- भुक्तानी देखियो। कार्यालयमा महत्वपूर्ण मानिएका पदहरु अधिकृत, नासु र सहायक चौथो ७८ दरवन्दि रहेकोमा पदपूर्तिको लागी प्रदेश लोकसेवा आयोगमा १२ जना मात्र माग गरी पठाएको पाइएकोले अझै धेरै पदहरु करारमा राख्नु पर्ने अवस्था देखिएकोले पदपूर्तिको लागी प्रकृया थाल्नु पर्ने देखिन्छ। कार्यालले दरवन्दि बाहिरका हेरालु पदमा बार्ड नं १ मा ५ जना बार्ड नं २ र ५ मा २/२ जना र बार्ड नं ९ र १० मा १/१जना राखी बार्षिक रु ८७१००० खर्च लेखेको पाइयो।ऐनले तोकेको पद बाहेक दरवन्दि नभएको अमिन २, फिल्ड सहयोगी ३,जनालाई करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी राखि खर्च गरेको रकम नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १६,०१,८७६ |

## २१ कानूनी सल्लाहकार तथा स्वकिय सचिव

गाँउ तथा नगरसभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ मा नगरपालिकामा पदाधिकारीहरूकोलागि १ जना स्वकीय सचिव राख्न सकिने व्यवस्था छ भने कानूनी सल्लाहकार राखी पारिश्रमिकदिने व्यवस्था छैन । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाईयस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन । स्वकिय सचिव राख्ननको लागी आन्तरिक आय एंव कार्यालयको कार्यबोझलाई आधार लिनु पर्ने व्यवस्था भएकोमा सो को विश्लेषण नगरी पालिकाले यस वर्ष १ जना कानूनी सल्लाहकार नियुक्त गरी ६ महिनाको रु ३०५४७३ र कानूनी व्यवस्था विपरित २ जना स्वकिय सचिव नियुक्ति गरी १ बढी स्वकिय सचिवको बार्षिक रु ४२७७२६ पारिश्रमिक भुक्तानी दिएको छ । नियम विपरित कर्मचारी राखी खर्च लेखेको नियमसम्मत देखिएन ।

२२ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचारलगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले २०७६ श्रावण पछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा र सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरे तापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकास कोषमा जम्मा गर्ने गरेको पाइएन। पालिकाले कर्मचारी कल्याण कोष कार्यविधि, तयार गरी यस वर्ष नगरपालिका चालु शिर्षकबाट कर्मचारीकल्याण कोषमा रु. ५०००००/- ट्रान्सफर गरेको पाइयो । पालिकाले एकमुष्ठ रकम कोषमा जम्मा गरे तापनि कर्मचारीबाट कट्टा गर्नु पर्ने रकम कट्टा गरेको देखिएन । साथै जम्मा गरेको रकम परिचालन गरी कोष वृद्धि गर्न सो रकमको परीचालन सम्बन्धी व्यवस्था गरेको देखिएन। कर्मचारी कल्याण कोषमा ऐन अनुसार कर्मचारीको समेत योगदान हुने व्यवस्था गरी कोष परिचालन सम्बन्धी व्यवस्था समेत मिलाउनु पर्दछ ।

२३ **औषधि उपचार सहायताको सार्वजनिकरण**

जनस्वस्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट १०४ जनाको लागि रु १४५२८१४खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

| क्रम | उपचारको किसिम | व्यक्ती संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | विभिन्न | १०४ | १४५२ |

२४ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष विविधमा रु.१६०००००/- खर्च गरेको पाइयो ।पालिकाले अतिथि सत्कारमा रु ६८७९००, कार्यालय समयमा चिया नास्त रु २९६६३०, पानी चिनी चिया फलफुलमा रु ३५२०५० र बैठक कार्यक्रममा खाजा रु २६३४२० खर्च गरेको विवरण पेश गरेको छ। विविध खर्च लेख्दा प्रयोजन नखुलाई पालिका अन्तर्गत चमेनागृहका अतिरिक्त विभिन्न होटल तथा रेस्टुराँको बिल भरपाई संलग्न गरी खर्च गर्ने गरेको पाइयो।पालिकाले मितव्ययी रुपमा विविध खर्च गर्दै यस्ता खर्च नियन्त्रण गर्नुपर्दछ ।

२५ **वितरणमुखी खर्च**

स्थानीय तहले पूँजी सृजना नहुने खालका वितरणमुखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै अधिकतैम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सृजना हुने गरी योजना तथा कार्यक्रम छनौट गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । पालिकाले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका वितरणमुखी कार्यक्रमहरु जस्तै विभिन्न धार्मिक तथा साँस्कृतिक सहयोग बापत मेला सम्मेलन, भजन मण्डली, मन्दिर पुजा सहयोग खर्चमा आर्थिक सहयोग बापत रु.७५७२८५/- खर्च गरेको पाइयो।पालिकाले यस्तो प्रकारको खर्चलाई नियन्त्रण गर्नुपर्दछ । साथै वर्षेनी पालिकाले विभिन्न सामग्रीहरु वितरण गरेको अवस्थामा पालिकाले यस प्रकृतिका कार्यक्रम सञ्चालन गर्दा क्लब, संस्था, महासंघ लगायतका संस्थाहरुलाई विभिन्न कार्यक्रम अन्तर्गत सामग्री अनुदान दिँदा लगत राखी दोहरो भए नभएको एकिन गर्नु पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा २५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२६ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले विभिन्न व्यक्तिहरुलाई रु ५ हजार देखी ५०००० हजार का दरले रु १५४३५०० आर्थिक सहायता वितरण गरेको छ ।उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. १५७८८५०५ को करिब ०.१ प्रतिशत हुन आउँछ ।पालिकाले विगत बर्षहरुमा पनिआर्थिक सहायता वितरण गरेकोमा सो को विवरण तयार गरेको पाइएन।आर्थिक सहायता वितरणको अभिलेख राखी दोहोरो नपर्ने गरि आर्थिक सहायता वितरण गर्नु पर्दछ ।

२७ **क्याम्पसलाई भुक्तानी**

नेपालको संविधान २०७२ को धारा ५७ को उपधारा ४ धारा २१४को उपधारा २ धारा २२१ को उपधारा २ र धारा २२६को उपधारा १ मा भएको व्यवस्था अनुसार नगरपालिकालाई उच्च मा.वि. संचालन गर्ने अधिकार अर्न्तगत पर्दैन । पालिकाले क्याम्पस अनुदान अर्न्तगत ज्योती जनता बहुमुखी क्याम्पसलाई रु ४९७८९६ खर्च लेखेको पाइयो। उच्च शिक्षा पालिकाको अधिकारक्षेत्र भित्र नपर्ने साथै छात्रवृत्ति वापत शैक्षिक संस्था तथा व्यक्तिलाई भुक्तानी दिने सम्बन्धि कानुनी व्यवस्था वेगर क्याम्पसलाई भुक्तानी दिएको नियम सम्मत देखिएन।

२८ **सम्पत्तिको प्राप्ती उपयोग र संरक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यस निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ ।

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | | | | नखुलेको |
| **सवारी साधन (रु.१ लाखभन्दा बढी)** | | | | |
| जीप स्कोरपिया | | १ | ५५७५०००.०० | नगर प्रमुखको लागि |
| जीप बोलेरो | | १ | | मन्त्रालयबाट प्राप्त |
| जीप सुमो | | १ | ३२५००००.०० | नगर उपप्रमुखको लागि |
| मोटरसाइकल | | ४४ | | |
| टेक्टर | | १ | १४९९५००.०० | |
| दमकल | | १ | १००००००.०० | |
| एम्बुलेन्स | | ५ | ५७५००००.०० | |
| सक्सन | | १ | ३९५००००.०० | |
| शववाहन | | १ | ५००००००.०० | |
| टिप्पर | | १ | ३९५००००.०० | |
| ट्याप्पो | | १ | ५०००००.०० | |

२९ **पेश्की बांकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.१,००,७३,९६४.०० बाँकी रहेको देखिन्छ । निम्नानुसारको म्याद नाघेको पेश्की रू.२२,४९,०००.०० फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा २९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| पेश्की | २२,४९,००० |

३० **बढी दैनिक भ्रमण भत्ता भुक्तानी**

१०३-७।१४ नगरपालिका चालु - भ्रमण खर्च नियमावली २०६४ को नियम मा भ्रमण गर्दा मितव्ययी र कम खर्चिलो हुनु पर्ने व्यवस्था छ । बार्ड नं ३ का वडा अध्यक्ष श्री पर्सुराम राईलाई विद्युतको सव स्टेशन निर्माण सम्वन्धि कागजात बुझाउन गाइघाट जाँदा ७ दिनको कार्यादेश दिएकोमा उत्त स्थानमा १ दिनमै जान आउन सकिने अवस्था रहेकोमा ७ दिनको दैनिक भ्रमण भत्ता रु ७,९००/-भुक्तान भएको छ। सात दिनको दैनिक भ्रमण भत्ता भुक्तानी दिनु पर्ने कुनै आधार प्रमाण भए पेश हुनु पर्ने अन्यथा बढी भुक्तानी भएको ६ दिनको रकम असुल हुनु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,२०० |

३१ **भुक्तानी दिन बाँकी प्रमाणीत बेगर भुक्तानी**

नगरपालिका चालु - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (२) अनुसार कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था उल्लेख छ । सोही नियमावलीको ३९(१५) अनुसार दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी विवरणमा समावेश मध्ये तलव, भत्ता, घर भाडा, सरुवा भ्रमण खर्च, पोषाक, रासन, खाद्यान्न, सिधा, औषधी उपचार खर्च, सेवा निवृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्झौता भएका खर्चहरुमात्र भुक्तानी दिन मिल्ने उल्लेख छ । पालिकाले भुक्तानी दिन बाँकीको विवरण (म.ले.प. फारम नं २२१) नगर सभाबाट परित गरेर मात्र अर्को वर्ष भुक्तानी गर्नुपर्नेमा सो नगरी यस वर्ष रु भुक्तानी दिएको पाइयो नियमावलीमा भएको व्यवस्था बमोजिम नगर सभाबाट भुक्तानी दिन बाँकी विवरण प्रमाणित नगरी गत वर्षको भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको रु.

| भौ.नं मिति | विवरण | रकम |
|---|---|---|
| ९-५।२७ | करार सेवा शुल्क | ६२१०० |
| १४९-७।२२ | इन्धन खतिवडा ट्रेड एण्ड सप्लायर्स | २२७६६५ |
| ४२६-११।१० | पदपूर्ति समिति बैठक भत्ता | ६३००० |
| ६-८।२० विविध | कर्मचारी अतिरिक्त भत्ता | १०४३३१८ |
| ५१५-१२।६ | विद्यालयका सका कास र लेखाका कर्मचारीको तलव | ५२४८५० |
| | जम्मा | १९२०९३३ |

| | |
|---|---|
| अनियमित भएको | १९,२०,९३३ |

## ३२ परामर्स तथा डीपी आर खर्च

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| **गत बर्षको** | | | | |
| Preparation of Historical Chaudandigadhi Culture Religious Protection Master Plan | क्रिएसन नेपाल इन्जिनियरिङ्ग सोलुसन प्रा.ली. | १५००००० | १४९५००० | कार्यालयले उपलब्ध नगराएको |
| Preparation of Municipality Transport Master Plan | क्रिएसन नेपाल इन्जिनियरिङ्ग सोलुसन प्रा.ली. | २०००००० | १९६६२०० | " |
| Preparation of DPR of Health Centre | क्रिएसन नेपाल इन्जिनियरिङ्ग सोलुसन प्रा.ली. | ३००००० | २७५००० | " |
| DPR of ward no. 9 BP chowk sukrabare Ward no.10 ward office west Bakainiya to Dbdhar Section Road | क्रिमसन इन्जिनियरिङ्ग सोलुसन प्रा.ली. | ५००००० | ४९७२०० | " |
| नदीजन्य क्षेत्रको प्रारम्भिक वातावरणीय मुल्यांकन | प्रोडेक्स इन्जिनियरिङ्ग प्रा.ली. | | १२००००० | " |
| **यस बर्षको** | | | | |
| प्रारम्भिक वातावरणीय परीक्षण मुल्यांकन | प्रोडेस्कइन्जिनियरिङ्ग इन्क प्रा.लि. | १९००००० | १२९९५०० | " |

· यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन।

· डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

## ३३ शिर्षक फरक पारी खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा १९ को (२) मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख रहेको छ भने अर्थमन्त्रालय एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ अनुसार तोकीएको शिर्षकबाट खर्च लेख्नु पर्दछ ।पालिकाले देहायका खर्च लेख्दा शिर्षक फरक पारी खर्च लेखेको पाइएकोले उत्त खर्च अनियमित देखिएको रु

| भौनं मिति | विवरण | खर्च लेखेको शिर्षक | खर्च लेख्नु पर्ने शिर्षक | रकम |
|---|---|---|---|---|
| ६५६-१।२४ | बार्षिक योजना पुस्तिका छपाई | मसलन्द तथा कार्यालय सामान | सूचान तथा छपाई | ११०१७५ |
| ३०९-९।२४ | दैनिक भ्रमण भत्ता भुक्तानी | अन्य भत्ता | दैनिक भ्रमण भत्ता | २८४०० |
| १३१-७।२१ | कार्यालय सामाग्री | मसलन्द तथा कार्यालय सामान | विविध खर्च | ४११६७ |
| ९५८-३।१६ | रक्त चन्दन तथा श्रीखण्डको विरुवा खरिद | विविध | कार्यक्रम | २५००० |
| ९०६-३।१५ | बोलपत्र मूल्याङ्कन समितिको बैठक | अनुगमन मूल्याङ्कन | बैठक भत्ता | ४६३५०० |
| जम्मा | | | | ६६८२४२ |

| | |
|---|---|
| अनियमित भएको | ६,६८,२४२ |

३४ **विपद् व्यबस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एंव संस्थागत अनुदान वितरण गर्न पाउने व्यबस्था रहेको देखिदैन ।र सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वधि निति मार्गदर्शन, २०७८ को बुँदा १३ मा तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपुर्ति, औषधि उपचार र आर्थिक सहायता वापतको खर्च उपलव्ध गराउने उल्लेख छ। पालिकाले विपद् व्यबस्थापन भैपरी तथा तारजाली शिर्षकबाट आगलागी भएका निम्न घरहरुको लागि घर पुनःनिर्माण गरी नापी किताब तथा कार्यसम्पन्नका आधारमा सम्बन्धितलाई भुक्तानी गरेको छ ।उक्त घरहरु आगलागी भएको हो होइन उक्त घरमा कति क्षति भएको हो सोको पुष्ट्राई हुने आधार तथा प्रमाण बेगर निर्माण कार्य गरेको छ ।अतः उक्त क्षति भई पुनःनिर्माण गरेको कार्यलाई पुष्ट्राई हुने मुचुल्का तथा प्रमाण पेश गरी खर्चलाई नियमसंगत बनाउनुपर्दछ ।

| **गो.भा.न\मिति** | **भुक्तानी पाउने व्यक्ति** | **मुल्यांकन रकम** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १९९\२०८०\११\१४ | विरजंग राई वडा ४ | २१२९०६ | १९१६३९ |
| ३७७\२०८१\३\४ | गुणमाया आचार्य वडा ५ | १५९२०० | १४२७४२ |
| जम्मा | | | ३३४३८१ |

३५ **सुधार गर्नुपर्ने सैद्धान्तिक पक्षहरु**

३५.१ नापी किताब- निर्माण कार्यको विस्तृत अभिलेखाकंनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकमसमेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यवस्था छ ।पालिकाले अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिलअनुसार नापी किताब लुज सिटमा तयार गरेको पाइयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखीठेक्का बिलअनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्थाअनुसार आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न सहज हुने हुँदा अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याउनुपर्दछ ।

३५.२ कानून र सञ्चालन स्थिति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म कति वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ सोको विवरण लेखापरीक्षणलाई पेश गरेको

छैन। पालिकाले कानूनहरु निर्माण गरी सभा\कार्यपालिकाबाट स्वीकृत गरेता पनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छ छैन सो सम्बन्धमा एकिन हुन हुन सकिएन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

३५.३ न्यायिक समिति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार गत वर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी तथा यस आर्थिक बर्षको अवस्था निम्न रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

| सि न | उजुरीको प्रकार | गत बर्षको बाँकी | यस बर्ष थप | जम्मा | यो बर्ष फछ्र्यौट | फछ्र्यौट हुन बाँकी | समयमै फछ्र्यौट हुन नसक्नुको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | लेनदेन | ३ | 6 | 9 | 6 | 3 | दोस्रो पक्ष नआउने ऐलानी जग्गा विवाद र लेनदेन को विषयमा वढी |
| २ | जग्गा विवाद | 4 | 10 | 14 | 9 | 5 | दर्ता हुने सो विषय मेलमिलाको माध्म बाट मात्र मेलमिलाप गारुन पर्ने भेएकोले दोस्रो पक्षले अटेर गरेर उपस्थित नहुनु निर्णय भएका विवाद कार्यन्वयन नहुनु । |
| ३ | माना चामल | 2 | 3 | 5 | 5 | 0 | |
| ४ | बालि बिगो | 3 | 1 | 4 | 4 | 0 | |
| ५ | घरेलु हिम्सा | 1 | 0 | 1 | 1 | 0 | |
| ६ | गालिबेईजति | 1 | 0 | 1 | 1 | 0 | |
| ७ | बचत रकम फिर्ता | 1 | 2 | 3 | 2 | 1 | |
| ८ | अंश वण्डा | 1 | 1 | 2 | 2 | 0 | |
| ९ | कुलो विवाद | 0 | 2 | 2 | 1 | 1 | |
| १० | बाटो विवाद | 0 | 3 | 3 | 3 | 0 | |
| **जम्मा** | | 16 | 28 | 44 | 24 | 10 | |

३५.४ सार्वजनिक परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफ देहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

३५.५ सहकारी नियमन- सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली(COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र ६१ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली(COPOMIS) बाट विवरण दाखिला गरेको विवरण उपलब्ध गराएको छैन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन

अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३५.६ फोहरमैला व्यवस्थापन- फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३५.७ जिन्सी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः · यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन । · नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

३५.८ बेरुजू अभिलेख - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८८ मा बेरुजुलको लगत राख्ने व्यबस्था छ । पालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्राप्त बेरुजू प्रतिवेदनको अभिलेख देहायको मलेप फाराममा राख्नु पर्ने व्यवस्था भएकोमा राखेको नपाइएकोले आगामी दिनमा तोकिएको मलेप फारममा बेरुजू अभिलेख राखि अध्यावधिक गर्नु पर्दछ ।

- म.ले.प. फाराम नं. ८०१ बेरुजु लगत
- म.ले.प. फाराम नं. ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन
- म.ले.प. फाराम नं. ८०५ सम्परीक्षण गोश्वारा अभिलेख ।

### ३६ टुक्रा पारी खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुरी गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र नियमावली, २०६४ को नियम ८४ मा २० लाख रुपैयासम्म भए शिलवन्दी दरभाउपत्र र सोभन्दा बढी भए नियम २१ अनुसार बोलपत्रको माध्यमबाट खरिद एवं निर्माण कार्य गराउनु पर्ने उल्लेख छ। नगरपालिकाले खरिद सम्बन्धि कार्य पटक पटक गरी देहाय बमोजिम सिधै खरिद गरेको देखिएको छ। ऐनको प्रावधान कार्यान्वयन नगरी टुक्रा पारी खरिद गर्ने कार्य देखिएकोले यस्तो खर्च नियन्त्रण गरी सार्वजनिक खरिद नियमावली वमोजिम खरिद कार्य गर्नु पर्ने देखिन्छ ।

| भौ.नं. मिति | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| ३२४-९।२५ | बसाहा इन्टरप्राइजेज | मसलन्द तथा कार्यालय सामान | ३७८६०६ |
| | मान्यामस इन्टरप्राइजेज | मसलन्द तथा कार्यालय सामान | २१४१६३ |
| ३३१-९।२५ | एलएनएस स्टेशनरी | मसलन्द तथा कार्यालय सामान | ८७९३८२ |
| ४९०-१२।४ | राज इन्टरप्राइजेज | मसलन्द तथा कार्यालय सामान | ३८९८७७ |
| ५३३-१२।८ | खनाल एण्ड सन्स ट्रडर्ड | मसलन्द तथा कार्यालय सामान | १५९४८८ |
| ६७९-१।२६ | मान्यामस इन्टरप्राइजेज | मसलन्द तथा कार्यालय सामान | २७१३८० |
| ६८७-१।२६ | एलएनएस स्टेशनरी | मसलन्द तथा कार्यालय सामान | ४१८८९२ |
| ७८७-२।१७ | श्री पन्चमी सप्लायर्स | मसलन्द तथा कार्यालय सामान | १६७७३७ |
| ८०८-२।२८ | मिसनसप्लायर्स | मसलन्द तथा कार्यालय सामान | १३१८७१ |
| ८१६-२।२८ | राज इन्टरप्राइजेज | मसलन्द तथा कार्यालय सामान | ७०८७८ |
| | बसाहा इन्टरप्राइजेज | मसलन्द तथा कार्यालय सामान | १६५६४६ |
| ९३७-३।१७ | श्री पन्चमी सप्लायर्स | मसलन्द तथा कार्यालय सामान | २०८२८१ |
| १०३२-३।२३ | राज इन्टरप्राइजेज | मसलन्द तथा कार्यालय सामान | ६९५१६ |
| १०८९-३।२४ | मान्यामस इन्टरप्राइजेज | मसलन्द तथा कार्यालय सामान | ३४९४८४ |
| जम्मा | | | ३८७५२०१ |

३७ **नर्म्स विपरित खर्च**

३७८-१०।२३ नगरपालिका चालु - अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिक २०७७ को बुँदा ७.१.१५ को सि.न. १५ अनुसार प्रतिवेदको पारिश्रमिक अधिकतम ३००० मात्र हुने उल्लेख छ । क.अ. चक्र प्रसाद आर्चाय लैगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण कार्यशाला संचालनमा प्रतिवेदन तयारी बापत रु १५००० भुक्तानी भएकोमा नमर्स अनुसार रु ३००० मात्र खर्च गर्ने पाउनेमा बढी भुक्तानी भएको असुल हुनु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,००० |

३८ **बैठक भत्ता भुक्तानी**

९३०- ३।१७ नगरपालिका चाालु - नगरपालिका र सिएमिस नेपाल र आइपास नेपालसँग मिति २०८०।३।१५ मा भएको सँझौता अनुसार कार्यक्रमको B3 मा बैठक संचालनको लागी प्रशासनिक खर्चमा स्टेशनरी, खाजापानी र अन्य खर्च गर्न सकिनेमा बैठक बसेको भनी २००० का दरले ८ जनाले बैठक भत्ता लिएको पाइएकोले विल भर्पई पेश गर्नु पर्ने रकम भत्त वापत बुझिलिएकोले उत्त खर्च नियम सम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ७०,४०० |

३९ **अनुपस्तथित दिनको बैठक भत्ता**

४२६-११।१ नगरपालिका चालु - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने वील भपाई प्रमाण र कागजात सम्लग्न हुनुपर्ने उल्लेख छ। पदपूर्ति समितिको बैठकमा शंकर लामिछाने ४ दिन मात्र उपस्थित भएकोमा ८ दिनको रु ८२०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु ४००० असुल हुनु पर्ने रु

| असुल गर्नुपर्ने | ४,००० |
|---|---|

## ४० साना किसान तथा युवा उद्यमशीलता कार्यक्रम

चौदण्डीगढी नगरपालिकाले हेफर प्रोजेक्ट नेपाल नामक गैरसरकारी संस्थासँग २०७९।१०।१८ देखी २०८२।१०।१८ सम्म कार्यान्वियन अवधि रहेको "चौदण्डीगढी कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता कार्यक्रम" १० वडामा संचालन गर्न कुल बजेट रु. ५,१४,२८,५७१ को ७० प्रतिशत रकम रु. ५,००,००,००० नगरपालिकाले र हेफर नेपालले बाँकी रु २१४२८५७१।०० व्यहोर्ने गरी मिति २०७९।१०।१६ मा सम्झौता गरेको छ । परियोजना व्यवस्थापनको नेतृत्व र कार्यान्वियनको जिम्मेवारी हेफर प्रोजेक्ट नेपालको रहने गरी हेफर प्रोजेक्ट नेपालले परियोजना साझेदार संस्था विकास सहजिकरण सञ्चालन उदयपुरमार्फत पालिकाले आर्थिक वर्ष २०७९।८० मा रु २९९१९८५।०० र २०८०।८१ मा परियोजना साझेदार संस्था विकास सहजिकरण सञ्चालन उदयपुरलाई रु १० लाख पेश्की तथा आसुतोष सप्लायर्सबाट ६६४ थान बाख्रा खरिद गरी वितरण गरेको रु ७८२४३३६।९६ समेत जम्मा रु ८८२४३०६।०० भुक्तानी गरी कार्य वातावरण सहज नभएको जनाई सम्झौता अन्त्य गरेको सम्वन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन ।

कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता कार्यक्रमअन्तरगत १० वडाका ३५ समूहका ६६४ सदस्यहरुलाई बाख्रा वितरणका लागि ७ देखि १० महिना उमेर समूहका २२ केजी भन्दा घटी नहुनेगरी चौदण्डीगढीको वातावरण अनुकूलको स्वस्थ्य र जमुनापरी जातको ६६४ वटा बाख्रा खरिदका लागि रु ९२९६०००।०० लागत अनुमान तयार गरी बोलपत्र मार्फत रु ६९२४१९२।०० २५ प्रतिशत घटी कवुल गर्ने आसुतोष सप्लायर्सबाट खरिद गरेको ६६४ वटा बाख्रा वितरण गर्दा कार्यक्रम संचालनपूर्व सो सम्बन्धी विस्तृत अध्ययन विश्लेषण नगरेको, सञ्चालन गरिने क्रियाकलापको विस्तृत विवरण, सोमा लाग्ने खर्च, लाभग्राहीको छनौट, १ वटा बाख्रा १ जनालाई वितरण गर्दा हुने अपेक्षित प्रतिफल, कार्य सम्पादन सूचक, खरिद तथा वितरणमा कानूनको पालना विधि र पारदर्शिताको व्यवस्था निर्धारण नगर्नुका साथै वित्तिय तथा प्राविधिक अनुगमनको स्पष्ट व्यवस्था नगरेकोले लक्षित वर्गले नै अपेक्षित प्रतिफल प्राप्त हनेगरी पाएको सम्वन्धमा विश्वस्त हुन सकिएन । लागत साझेदारीमा पशुपंक्षी प्रबर्धन कार्यक्रम सञ्चालन प्रकृया सम्बन्धी मार्गदर्शन, २०७७ को बुँदा नं ५ (२) घ अनुसार खरिद भएको तथा हस्तान्तरण भएको पशुको अनिवार्य बिमा गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाले बाख्रा प्रवर्दन कार्यक्रमहरुबाट जमुनापारी बाख्रा खरिद गरि हस्तान्तरण गरेकोमा नियमानुसार बिमा गरेको छैन । यसरी नि यमानुसार बिमा नगर्दा हस्तान्तरण हुने पशुको मृत्यु, बिरामी वा अंगभंग भएमा नगरपालिकाको उद्देश्य पुरा नहुने हुँदा बिमा सहित पशु चौपाया हस्तान्तरण हुँदा पशु पालन व्यवसाय दीगो र प्रभाबकारी नहुने देखिन्छ ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा५(३) मा अनुसूचीमा १ मा उल्लेख भएका बस्तु तथा सेवामा मूल्य अभिवृद्धि कर नलाग्ने उल्लेख छ । पालिकाले बाख्रा पालनका लागि हुनेगरी आसुतोष सप्लायर्सबाट ६६४ थान बाख्रा खरिद गरी मूल्य अभिवृद्धि कर रु ९००१४५।०० समेत रु ७८२४३३६।९६ भुक्तानी गरेको छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५.३ मा अनुसूचीमा १ मा भेडा तथा बाख्रा खरिदमा मूल्य अभिवृद्धि कर नलाग्ने उल्लेख भएकोले रु ९००१४५।०० भुक्तानी दिने आधार पेश हुनुपर्ने अन्यथा मूल्य अभिवृद्धिकर समायोजन पेश हुनुपर्दछ । रु

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानूनमा कुनै फर्म, संस्था वा कम्पनीलाई पेश्की दिँदा प्रचलित कानूनबमोजिम बैंक जमानत लिनुपर्ने व्यवस्था विपरीत कृषि तथा पशु उद्यमशीलता विकास परियोजनाको कार्यान्वियनार्थ हेफर प्रोजेक्ट नेपाललाई सम्झौताको दफा ७.२.२ बमोजिम पेश्की दिएको पाइयो । यस वर्ष हेफर प्रोजेक्ट नेपालले परियोजना साझेदार संस्था विकास सहजिकरण सञ्चालन उदयपुरलाई कार्यक्रम सञ्चालनका लागि जमानत बेगर रु १००००००।०० पेश्की दिएकोमा फछर्यौट गरी पेश नभएकोले पेश हुनुपर्दछ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(३) तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम स्वीकृत कार्यक्रम र सोमा लाग्ने बजेट खर्चको कार्यान्वियन पालिका आफैले गर्नुपर्नेमा कृषि तथा पशु उद्यमशिलता विकास परियोजना गैरसरकारी संस्था हेफर प्रोजेक्ट नेपालबाट सम्झौता गर्दा सो कार्य पालिका आफैले गर्न सक्नेनसक्ने विश्लेषण गरेको पाइएन ।

पालिका मातहत नै कृषि, पशु, प्राविधिक, लेखा लगायतका विषयगत क्षेत्र हेर्ने सांगठनिक शाखाहरू र जनशक्ति रहेको अवस्थामा सो कार्य गैरसरकारी संस्थाबाट गराउनु औचित्यपूर्ण रहेको देखिएन । कृषि र पशुका लागि कुल बजेटको ४८.२५ प्रतिशत र र तालिम, भ्रमण, तलब, प्राविधिक सेवा लगायतका कार्यक्रम परिचालनका लागि ५१.७४ प्रतिशत बजेट राख्नाले अधिकांश बजेट मुल कार्यक्रमका लागि पुँजी निर्माण गर्ने भन्दा सालबसाली खर्चमा प्रयोग हुने देखिन्छ । हेफर प्रोजेक्टले सो परियोजनाका लागि ३० प्रतिशत खर्च बेहोर्ने उल्लेख गरे तापनि ती खर्च कार्यक्रम संचालनसँग सम्बन्धित रहेको र संचालन खर्चको सीमा उसैको नियन्त्रणमा रहनाले सो खर्चको मितव्ययिता र दक्षता विश्लेषण गर्न सकिएन । पालिका आफैले सो कार्यक्रम कार्यान्वयन गरेको भए सोका लागि पालिकाका जनशक्तिका लागि तलब, प्राविधिक सेवा तथा मुल्यांकनसमेतका लागि थप लागत नपर्ने अवस्थाले लागत साझेदारीको उपादेयता पुनर्मूल्यांकन गर्नुपर्ने देखिन्छ ।

पालिकाले कृषि र पशु उद्यमशीलता परियोजना गैर सरकारी संस्था हेफर प्रोजेक्ट नेपालबाट २०७९।१०।१८ देखी २०८२।१०।१८ सम्म कार्यान्वयन अवधि रहने गरी सम्झौता गर्दा सम्झौतामा उल्लेखित क्रियाकलाप सम्पन्न गरी हस्तान्तरण गर्ने उल्लेख छ । तर कार्य वातावरण सहज नभएको जनाई २०८१ आषाढ मसान्तमा बाख्रा खरिद तथा वितरणमा हेफर प्रोजेक्टको भूमिका नरहेको जनाई थप कार्य गर्न नसकिने जानकारी सहितको पत्र दाखिला गराएको देखियो । सम्झौतामा उल्लेखित क्रियाकलाप सम्पन्न नगरी सम्झौता अन्त्य गर्ने गैरसरकारी संस्थालाई सार्वजनिक खरिद ऐन नियमावली बमोजिम कार्यवाही गर्नुपर्दछ ।

| प्रमाण पेश नगरेको | ९,००,१४५ |
|---|---|

## ४१ मू.अ. कर समायोजन

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) (२३ औ संशोधन) बमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवा आपूर्ति बापतको रकम सम्वन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको भुक्तानीमा ३० प्रतिशत निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहेको कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको भुक्तानीमा नियमावलीमा भएको व्यवस्था अनुसार ३० प्रतिशत मू.अ.कर रु ६६३२१।०० कट्टा गरेको नपाइएकोले निम्नानुसारको भुक्तानीको मू.अ. कर समायोजन पेश हुनुपर्ने रु.

| **भौ नं र मिति** | **बजेट शीर्षक** | **आपूर्तिकर्ताको नाम** | **विजक रकम** | **मु अ कर रकम** | **३० % मू.अ.कर** |
|---|---|---|---|---|---|
| २९७।२०८१।१।२४ | नगरपालिका पुँजीगत | यु.के.एस. इन्जिनियरिङ्ग कन्सट्रकसन लाई कृषि विधुत विस्तार | ७,६१,०५३ | २,१८,७३१६ | २०,२०५.०० |
| ७५६।२०८१।२।९ | नगरपालिका चालु | राज लक्ष्मी कपी उद्योग वडा नं. ८ को शैक्षिक सामग्री खरिद र वितरण कक्षा शिशु देखि ३ सम्म | ५००००० | ५७५२२ | १७२५६ |
| १३।२०८०।११।१४ | नगर अस्पताल | लक्ष्मी छापाखाना<br>पुर्जा छपाई स्टेसनरी र मसलन्द सामाग्री खरिद | ८३६२०० | ९६२०० | २८८६० |
| | | जम्मा | | | ६६३२१ |

| प्रमाण पेश नगरेको | ६६,३२१ |
|---|---|

## ४२ कर कट्टा

स्थानीय तहको पार्श्व चित्रमा वैदेशिक रोजगार सम्बन्धी तथ्यांक संकलन तथा समावेश गर्ने प्रयोजनका लागि संलग्न सामी शाखाको स्वीकृत टिप्पणी र आदेश सबै वडा कार्यालयहरुको कार्य सम्पन्न सिफारिस, सम्झौता तथा संलग्न कागजपत्रको आधारमा पालिका भित्रका बैदेशिक रोजगारीमा गएका व्यक्तीहरुको तथ्याङ्क संकलन गरे वापतको पारिश्रमीक रकम रु ३०००००।०० निकासा गरी खर्च लेखेकोमा १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा रु ३०००।०० मात्र कट्टा गरेकोले नपुग रु ४२०००।०० कट्टा गरी दाखिला गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ४२,००० |
|---|---|

४३ **विद्युत महशुल**

६६१।२०८१।१।२४ कोशि प्रदेशले जारी गरेको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्वन्धि निर्देशिका, २०७५ को बुँदा नं.२१ मा बिजुलि पानी टेलिफोन महशुल मिटर रिडिङ पछि तोकिएको समयमानै भुक्तानी गरि छुट सुविधा लिने, जरिवाना नतिर्ने व्यवस्था मिलाउनुपर्ने जरिवाना भुक्तानी भएमा कार्यालय प्रमुख र लेखा प्रमुखबाट असुल गर्ने उल्लेख छ । पालिकाले सडक बत्तीहरुको विद्युत महशुलको रु १६१६५७।०० विद्युत खपतको विजक राखि रु ५५००००।०० विद्युत प्रधिकरणलाई भुक्तानी गरेकोमा रु ३८८३४२।०० विद्युत उपयोग गरेको विद्युत खपतको विजक पेश नगरी अग्रिम भुक्तानी गरेको छ । पालिकाले आगामी दिनमा मितव्ययीता निर्देशिका पालना गरी चालु खर्चमा मितव्ययिता कायम गरी अग्रिम भुक्तानीको विद्युत खपतको विजक सहित महशुल मिलान गरेको प्रमाण पेश हुनुपर्दछ ।

| प्रमाण पेश नगरेको | ३,८८,३४२ |
|---|---|

४४ **गरिवसंग विशेश्वर कार्यक्रम**

गरिवसंग विशेश्वर कार्यक्रम अन्तर्गत १० सदस्य रहेको देवी सामुदायिक संस्थाको विउँपुजी रु १६००००।०० लिई सदस्यहरु सम्पर्क विहिन रहेको जनाएकोछ । सोही समूहमा अन्य सदस्य थप गरी अनुदान उपलव्ध गराउदै आएकोमा सो विउँपुजी असुल गरेको देखिएन । देवी सामुदायिक संस्थाको विउँपुजी रु १६०००।०० असुल नगरी अन्य सदस्यलाई समावेश गरी अनुदान वितरण गर्न आदेश दिनेलाई जिम्मेवार वनाई व्याज समेत असुल गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | १६,००० |
|---|---|

४५ **विजक वेगर भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच भएको वास्तविक कामको परिमाणको मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । पर्यटन पूर्वाधार कार्यक्रम अन्तर्गत टासि छोईलिङ्ग गुम्वा निर्माण उपभोक्ता समितिसंग रु १८२४५०१।०० मा सम्झौता गरी रु १७३४७६९।१० को कार्य सम्पन्न गरी भुक्तानी गर्दा लमसम आईटममा रहेको रु ७५०००।०० ढुवानी तथा विविध खर्चको विल विजक पेश नगरी भुक्तानी गरेकोले असुल उपर गर्नु पर्ने देखिएको रू.

| असुल गर्नुपर्ने | ७५,००० |
|---|---|

४६ **अधुरो कार्यको भुक्तानी**

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) बाट नगरपालिकाले रू. ११६९०२६५।०० को लागत अनुमान रहेको बर्षेडाँडा, समिचोक, मकमडाँडा हुँदै कुसुमचौरी सडक स्तरोन्नति तथा कालोपत्रे सडक निर्माण कार्य २०८१।३।२० सम्म सम्पन्न गर्ने गरी निर्माण व्यवसायी चौदण्डीगढी निर्माण कम्पनी प्रा.लि.सँग २०८०।१२।१४ मा रु. ६७०२२२२।१७ को खरिद सम्झौता गरेको छ । उक्त कालोपत्रे सडक निर्माण कार्यमा यो वर्ष प्रथम बिलको रू १९६००००।०० भुक्तानी गरेकोमा जनताको अवरोधको कारण बाँकी काम हुन नसकेको जनाएको छ । पालिकाले समयमै योजना स्थलको उचित छनौट तथा विवाद समाधान समयमै नगर्नाले संघीय बजेट समेत फ्रिज हुन गएको छ । पालिकाले चनेज ०+००० देखि १+७९० बर्षेडाँडा, समिचोक, मकमडाँडा हुँदै कुसुमचौरी सडक बाटो कालोपत्रे नगरेको अवस्थमा समेत सव वेसको कार्य गरी १७१६ घ.मि.को प्रति घ.मि. रु.१७०० का दरले हुने मूल्य अभिवृद्धि कर समेत जम्मा रु.१३,७५,४३६।०० भुक्तानी गरी खर्च जनाएको उपयुक्त देखिएन । जनताको अवरोधको कारण कालोपत्रे नगरी सव वेसको कार्य मात्र गर्दा बर्षातको समयमा सव वेस बगेको तथा पुन सोही कार्य गर्नु पर्ने अवस्था छ । विवाद समाधान नगरी पालिकाले कालोपत्रे नहुने अवस्थमा समेत सव वेसको कार्यमा भएको खर्चको उपादेयता पुष्टि भएको देखिएन । निर्माणस्थलको सुनिस्चितता नगरी ठेक्का लगाएको देखिँदा यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

४७ **नगर अस्पताल तर्फ**

४७.१ अतिरिक्त समय भत्ता - गो.भा.न ६।२०८०।८।२० नगर अस्पतालको भुक्तानी सिफारिस प्रमुखको तोक आदेश स्वास्थ्य शाखाको भत्ता विवरण तथा प्रमाणित हाजिरि तथा संलग्न कागजपत्रको आधारमा गत आ.ब. २०७९/८० मा अतिरिक्त समयमा खटिएको कर्मचारीहरुको भत्ता रकमको दायित्व सृजना गरी मलेप फारम नं. २२१ प्रमाणित गरि रु १९७९३३५।०० खर्च लेखेको छ । नगर अस्पतालका कर्मचारीलाई अतिरिक्त समय भत्ता प्रदान गर्ने कार्यविधि बनाएको नदेखिएको अवस्थामा समेत कार्यपालिकाको निर्णय तथा अतिरिक्त समयमा खटिएको प्रमाण वेगर अतिरिक्त समयमा खटिएको कर्मचारीहरुको भत्ता वापत रु १९७९३३५।०० खर्च लेखेकोले पुष्टयाई सहितको प्रमाण पेश हुनुपर्दछ ।

४७.२ स्रेस्ता लेखापरीक्षणमा पेश नभएको - आधारभूत नगर अस्पताल संचालन समितिको मिति २०८०/१०/१६ को बैठकको निर्णय ४ अनुसार कार्यालय सञ्चालन तथा फिर्ता ट्रान्सफर र बीमा बोर्डबाट प्राप्त किस्ताको रकम समेत नगर अस्पताल बेल्टारबाटै खाता संचालन हुने गरी प्रशासनिक आय बचत रकम र बैक मौज्दात समेत खर्च सहित लेखापरीक्षणको जवाफदेहिता सम्बन्धित खर्च गर्ने अधिकारी कै रहने गरी कार्यपालिकाको बैठकबाट आधारभूत नगर अस्पताल बेल्टारको नाममा रु २,६६,०७,११२।५१ निकासा गरेकोमा सोको आम्दानी खर्चको विल भर्पाई सहितको स्रेस्ता लेखापरीक्षणमा पेश नभएकोले पेश हुनुपर्दछ ।

## ४८ कृषि चिस्यान केन्द्र

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तबरले गर्नुपर्ने व्यवस्था छ । २० टन क्षमता र शतप्रतिश पालिकाको स्वमित्व रहनेगरी कृषि चिस्यान केन्द्र चौ न पा ९ निर्माणको लागि लागत अनुमान रु. २७५३४३५।१९ को कार्य २०८१।०१।०६ सम्म सम्पन्न गर्ने गरी कार्यादेश दिएकोमा २०८१।०३।६ मा कार्य सम्पन्न प्रतिवेदन तयार गरी रु २५४८६०२।५७ भुक्तानी गरेको देखिन्छ । कार्यविधि वनाई समुदायलाई हस्तान्तरण नगरेकोले हालसम्म पनि संचालनमा आउन सकेको देखिएन । संचालनको लागि आवश्यक पूर्वाधारको विकास गरी यथाशक्य छिटो संचालनमा ल्याई स्रोत साधनको उच्चतम सदुपयोग गर्नुपर्दछ ।

त्यसैगरी कृषि चिस्यान केन्द्र वडा नं ५ निर्माणको लागि लागत अनुमान रु. १०७०३५१३।८२ को कार्य उपभोक्ता मार्फत गरेको आधारमा रु. १९५८२८२।०० भुक्तानी गरेकोमा करिव १८ प्रतिशत वित्तीय प्रगती रहेको योजनामा थप बजेट विनियोजन गरी थप कार्य गरेको देखिएन । समयमा कार्य सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने अलपत्र अवस्था समेत रहेको छ । यस सम्बन्धमा पालिकाले बजेट व्यवस्था गरी समयमै कार्यसम्पादन गर्नुपर्दछ ।

## ४९ अनुगमन प्रतिवेदन

४२।२०८१।३।२४ प्रदेश नं. १ को गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधासम्बन्धी ऐन, २०७५ को अनुसूची १(क) मा पालिका प्रमुख, उपप्रमुख, वडाध्यक्ष र कार्यापालिका सदस्यको मासिक अनुगमन भत्ताको व्यवस्था छ । पालिका प्रमुख र उपप्रमुखलाई १०० दिनको र अन्य २० कर्मचारीले २५ देखि २२० दिन सम्मको प्रतिदिन रु ५००।०० का दरले रु ६३००००।०० खाजा खर्च विना आधार बुझिलिएको देखिएकोले उक्त अनुगमन भत्ता भुक्तानी लिँदा मासिकरुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा अनुगमन भत्ता लिने पदाधिकारीले ऐनले तोकिए बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश नगरी अनुगमन वापत खाजा भत्ता बुझिलिएकोले अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ ।

## ५० स्पेशिफिकेशन

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन तथा अन्य विवरणहरु तयार गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले स्वास्थ्यसंग सम्बन्धित नगर अस्पतालका लागि एक थान IRL Refregerator कोटेशनका आधारमा KYANITE Enterprises Pvt. Ltd. Ktm. बाट खरिद गरी गो.भौ.न.७४।२०८०।७।२२ बाट रू.३,९९,९०७।०० भुक्तानी दिएको छ । उक्त सामाग्रीको लागत अनुमान स्पेशिफिकेशन तयार नभएको र नगर अस्पताललाई कस्तो स्पेशिफिकेशन भएको सामाग्री आवश्यक भएको हो र सो सामाग्री चाहिएको स्पेशिफिकेशन

अनुसार खरिद भई आएको हो होइन भनी प्राविधिक नापजाँच बेगर भुक्तानी गरिएको छ । यस आवश्यक्ताको सहि पहिचान नगरी खरिद गर्नेलाई जिम्मेवार बनाई आगामी दिनमा यस प्रकारको कमजोरी नदोहरिने गरी व्यबस्था गर्नुपर्दछ । अत; प्राविधिक नापजाँच पुष्ट्राई बेगर खरिद गरेको कार्य नियमसम्मत देखिएन रु.

| | |
|---|---|
| अनियमित भएको | ३,९९,९०७ |

५१ **नन्फाइलर**

नगरपालिका पुंजीगत- मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिनाको विवरण सो महिना समाप्त भएको २५ दिनभित्र पेश गर्नुपर्ने र भुक्तानी दिनेले समेत भुक्तानीको विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यबस्था छ । मुल्य अभिबृद्धि कर समेत भुक्तानी लिएका आपुर्तककर्ता तथा सेवा प्रदायकहरुले बुझाउनुपर्ने कर विवरण नबुझाई नन्फाइलर रहेको तथा कर विजक नभएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्दछ ।

| गो. भौ. नं. | फर्म/ आपूर्तिकर्ताको संलग्न विल | प्यान नं. | जारी गरेको बिजक नं. | भुक्तानी/ बिजक रकम रु. | मुअकर कर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|---|
| ६० | साङ्गे छोयलिङ्ग कन्स्ट्रक्सन प्रा ली | ६०६७५५६३४ | ००३ | ८३८१९४.४३ | ९६४२९.४५ | Non-filer since 2080/T/2 |
| जम्मा | | | | | ९६४२९.४५ | |

५२ **जिल्ला दररेट भन्दा बढी भुक्तानी**

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाचँ र मूल्याकंनको आधारमा भुक्तानी दिनुपर्ने व्यबस्था रहेको छ । पालिकाले गो.भा.न.८५।२०८०।८।१९ मा विपद् व्यबस्थापन भैपरी तथा तारजाली शीर्षकबाट त्रियुगा खोलामा अस्थायी बाटो निर्माण कार्य गर्न रू. ४२८१७५.०० को लागत अनुमान तयार गरी रू.४२७६९५.१९ मा कार्यसम्पन्न गरेको छ । उक्त कार्यको लागत अनुमान तयार गर्दा मेशिन प्रयोग गरी तराई समथर भुभागमा साधारण माटो\सडक खन्ने कामको आ.ब.२०७९।८० को जिल्ला दररेट रू.७७।०० प्रति घ.मी.(२०७९।८० को योजना) रहेको छ । तर पालिकाले लागत अनुमान तयार गर्दा रू.८०।०० प्रति घ.मी. राखी सोही अनुसार कार्यसम्पन्न भई भुक्तानी गरेको छ । जिल्ला दररेट भन्दा बढी भुक्तानी रकम रू.३।०० का दरले परिमाण २०२३.९५ घ.मी.को रू.६०७२।०० रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,०७२ |

५३ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत बार्षिक बजेटको अधिमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यबस्था रहेको छ ।साथै पालिकाको विनियोजन ऐन, २०८० मा समेत रकमान्तर सम्बन्धि व्यवस्था गरिएको छ ।पालिकाले यस बर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट पूँजिगत शीर्षकमा रू.६२१५३०००.०० र चालु शीर्षकमा रू. ७८९११०२४.०० गरी जम्मा रू.१४१०६४०२४.०० रकमान्तर गरेको छ । उक्त रकम शुरु बजेटको तुलनामा २१.८८ प्रतिशत हुन्छ ।यसरी बजेट रकमान्तर गरी खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

५४ **बढी दर बिश्लेषण**

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने कार्यविधि सम्बन्धि व्यबस्था रहेको छ । नगरपालिकाको निर्माण कार्यका लागि दर बिश्लेषण तयार गर्दा आफ्नो नर्म्स नभएको अवस्थामा लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत भएको माथिल्लो निकायको नर्म्स प्रयोग गरी दर बिश्लेषण गर्नुपर्दछ । जस्तैः- भवन सम्बन्धी काममा भवनको नर्म्स र बाटो तथा पुल निर्माण सम्बन्धी काममा Road and Bridge, 2077 को नर्म्स प्रयोग गरी दर बिश्लेषण गर्नुपर्नेमा नमुना छनौटका रुपमा हेरिएका निम्न योजनाहरुको सडक सम्बन्धी काममा सडकको नर्म्स Section 2000 को 20.2 A मा Providing and Lying of Plain\Reinforced Cement Concrete in Foundation Complete as per Drawing and Technical Specifications. PCC Grade M15(1ः2ः4) काममा भवनको नर्म्स प्रयोग गरी दर बिश्लेषण गर्दा बढी लागत अनुमान तयार भई

सोही अनुसार भुक्तानी भएको छ । नम्स फरक राखी बढी भुक्तानी भएको रकम रु. १५६८८७.०० सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.

| **योजना तथा उ.स.** | **कामको विवरण** | **भुक्तानी दर** | **सडकको दर बिश्लेषण** | **फरक दर** | **परिमाण (घ.मी.)** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|
| देवधार जाने बाटो मर्मत, ईकाहा बाटो मर्मत, शिवनगर बाटो मर्मत\ उ.स. | बाटो निर्माण तथा मर्मत | ११३३९.२८ | ९००८.४५ | २३३०.८३ | १२.८९ | ३००४४.०० |
| नया गोरेटो बाटो जोड्ने लाहुरे चोक\उ.स. | बाटो निर्माण तथा मर्मत | ११३३९.२८ | ९००८.४५ | २३३०.८३ | १४.०५ | ३२७४८.०० |
| जुटपानी देखि सडक स्तरोन्नती चन्द्र प्रसाद आचार्यको घरसम्म | बाटो निर्माण तथा मर्मत | ११३३९.२८ | ९००८.४५ | २३३०.८३ | १८.४३ | ४२९५७.०० |
| माडिबास खोला आरसिसि ड्याम निर्माण | निर्माण तथा मर्मत | ११३३९.२८ | ९००८.४५ | २३३०.८३ | २१.९४ | ५११३८.०० |
| जम्मा | | | | | | १५६८८७.०० |
| | | | | | असुल गर्नुपर्ने | १,५६,८८७ |

५५ **नम्स फरक राखी दर बिश्लेषण**

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने कार्यविधि सम्बन्धि व्यबस्था रहेको छ । नगरपालिकाको निर्माण कार्यका लागि दर बिश्लेषण तयार गर्दा आफ्नो नम्स नभएको अवस्थामा लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत भएको माथिल्लो निकायको नम्स प्रयोग गरी दर बिश्लेषण गर्नुपर्दछ । जस्तै:- भवन सम्बन्धी काममा भवनको नम्स र बाटो तथा पुल निर्माण सम्बन्धी काममा Road and Bridge, 2077 को नम्स प्रयोग गरी दर बिश्लेषण गर्नुपर्नेमा नमुना छनौटका रुपमा हेरिएका निम्न योजनाहरुको सडकको नम्स Section 2600 को 26.3 C मा Providing and Lying of stone Masonary Work in Cement Mortar 1:6 in Foundation Complete as per Drawing and Technical Specifications काममा भवनको नम्स प्रयोग गरी दर बिश्लेषण गर्दा बढी लागत अनुमान तयार भई सोही अनुसार भुक्तानी भएको छ । नम्स फरक राखी बढी भुक्तानी भएको रकम रु.६६५२८.०० सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई निम्न उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| **योजना तथा उ.स.** | **कामको विवरण** | **भुक्तानी दर** | **सडकको दर बिश्लेषण** | **फरक दर** | **परिमाण** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|
| समावेशी टोल सडक तथा ढल निर्माण\उ.स.(२०७९।८०) | सडक तथा ढल निर्माण | ८५५५.८० | ७६५७.२० | ८९८.६० | ३४.०८ | ३०६२४.०० |
| देवधार जाने बाटो मर्मत, ईकाहा बाटो मर्मत, शिवनगर बाटो मर्मत\ उ.स.(२०८०।८१) | बाटो निर्माण तथा मर्मत | ९५०७.४० | ८३२३.६० | ११८३.८० | १३.४४ | १५९१०.०० |
| चालिसे बाटो तथा ढल निर्माण\ उ.स.(२०८०।८१) | बाटो तथा ढल निर्माण | ९५०७.४० | ८३२३.६० | ११८३.८० | १३.२० | १५६२६.०० |
| नारद आर्दश शिक्षा क्याम्पस इन्टरलक इटाको बाटो निर्माण\उ.स.(२०८०।८१) | बाटो निर्माण | ९५०७.४० | ८३२३.६० | ११८३.८० | ३.६९ | ४३६८.०० |
| जम्मा | | | | | | ६६५२८.०० |
| | | | | | असुल गर्नुपर्ने | ६६,५२८ |

५६ **उपभोक्ता समितिबाट खरिद**

नगरपालिका पुंजीगत- सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार सामान खरिद कार्य उपभोक्ताबाट गराउन मिल्ने व्यवस्था गरेको देखिएन । खरिद कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धी बिधिबाट खरिद गर्नुपर्नेमा देहायको रू.६९३०००.०० को खरिद कार्यक्रम उपभोक्ता समितिबाट गर्नु नियमसंगत नदेखिएको रू.

| **भौ.नं.** | **उपभोक्ता समिति तथा योजना** | **खरिद विवरण** | **रकम रु.** |
|---|---|---|---|
| २१३\०८०\११\३० | सिर्वानी सामुदायिक खानेपानी उ.स. | एच.डि.पी.ई पाइप खरिद | २०८५४९.०० |
| ३३५\०८१\२\१७ | बसाहाथान महादेव मुर्ति उ.स. | महादेवको मुर्ती खरिद | ३८८०००.०० |
| ३४१\०८१\२\१८ | बिरेन्द्र बजार तल्लो शिवालय मन्दिर शिव मुर्ती उ.स. | शिवलिङ्ग मुर्ती खरिद | ९७०००.०० |
| **जम्मा** | | | ६९३०००.०० |

| अनियमित भएको | ६,९३,५४९ |
|---|---|

## ५७ दर बिश्लेषण फरक राखी बढी भुक्तानी

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने कार्यविधि सम्बन्धि व्यबस्था रहेको छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाचँ र मूल्यांकनको आधारमा भुक्तानी दिनुपर्ने व्यबस्था रहेको छ । नगरपालिकाको निर्माण सम्बन्धी कार्यको लागि दर बिश्लेषण गर्दा आफ्नो स्वीकृत नर्म्स नभएको अवस्थामा नेपाल सरकारको स्वीकृत सम्बन्धित कार्यसंग सम्बन्धित नर्म्स प्रयोग गर्नुपर्दछ । उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यको लागत अनुमान तयार गरी सोही अनुसार कार्यसम्पन्न गरी भुक्तानी गरिएको छ । नमुना छनौटको रुपमा श्रेस्ता परीक्षण गर्दा निम्न योजनाहरूमा सडक सम्बन्धि कार्यमा सडकको नर्म्स Section 2600 को 26.3 C मा Providing and Lying of stone Masonary Work in Cement Mortar 1:6 अनुसार लागत अनुमान तयार गरी सोही अनुसार कार्य सम्पन्न गरिएको छ । तर भुक्तानी गर्दा Providing and Lying of stone Masonary Work in Cement Mortar 1:4 को नर्म्स अनुसारको दर बिश्लेषण गरी सो दर भुक्तानी भएको छ । जुन परिमाणको निर्माण कार्य भएको हो सोही परिमाण अनुसार दर बिश्लेषण गरी भुक्तानी हुनुपर्दछ । अत: यस प्रकारको गल्ती आगामी दिनमा नदोहोरिने गरि सम्बन्धित प्राविधिकलाई जिम्मेवारी बनाई भएको कार्य दर भन्दा बढी दर बिश्लेषण गरी बढी भुक्तानी भएको रकम रु.७६५५०.०० सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| **योजना तथा उ.स.** | **कामको विवरण** | **भुक्तानी दर** | **भुक्तानी हुनुपर्ने दर** | **फरक दर** | **परिमाण** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|
| चन्द्रकला बास्तोलाको घर जाने बाटो\उ.स.(२०७९।८०) | बाटो निर्माण | ९५४९.६८ | ७६५७.२० | १८९२.४८ | ७.३५ | १३९१०.०० |
| प्रधानमन्त्री रोजगार कार्यक्रम साझेदारी जिमहल निर्माण\उ.स.(२०७९।८०) | निर्माण कार्य | ९७५३.३७ | ७६५७.२० | २०९६.१७ | १९.५९ | ४१०६४.०० |
| माडीवास साकेलाथान\उ.स.(२०७९।८०) | निर्माण कार्य | ९८४८.७८ | ७६५७.२० | २१९१.५८ | ९.८४५ | २१५७६.०० |
| जम्मा | | | | | | ७६५५०.०० |

| असुल गर्नुपर्ने | ७६,५५० |
|---|---|

## ५८ ढुंगाको बढी परिमाण भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यबस्था छ ।पालिकाले गोश्वारा भौचर २५६\०८०\१२\७ बाट खोला क्षेत्रमा तटबन्ध बाँध निर्माण योजना वापत द्धार खोला नियन्त्रण उ.स.लाई रू.५२५७२७.०० भुक्तानी गर्दा ३*१.५*०.४५ साइजको १.५ थान र ३*१.५*०.३ साइजको १.५ थान जाली कम खरिद गरिएकोमा जालीमा ढुंगा भर्ने काममा ५.०६२५ घ.मि. बढी ढुंगा भरेको देखिन्छ ।यसरी जाली कम खरिद गरी बढी परिमाणमा ढुंगा

भरेको भनी मुल्यांकन गरी बढी भुक्तानी गरेको रकम प्रति घ.मी. रू.२४२२.०० का दरले ५.०६२५ घ.मि.को जम्मा रू.१२,२६१.०० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,२६१ |

५९ **कार्यालयको काम उपभोक्ता समिति मार्फत गराएको**

**नगरपालिका पुंजीगत-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहाय अनुसार खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नहुने र प्रतिस्पर्धावाट कार्यालयले गराउनुपर्ने कार्यहरु समेत उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत आफ्नै भवन निर्माण कार्य गराउनु अनियमित देखिएको रु.

| **भौ नं.** | **उपभोक्ता समिति** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ३३८\०८१\२\१७ | वडा नं.१० कार्यालय दोस्रो तला निर्माण उ.स. | वडा नं.१० कार्यालय दोस्रो तला निर्माण | ५८१८८८.०० |
| ४३०\०८१\३\२० | वडा नं.१० कार्यालय भान्सा किचेन व्यबस्थापन उ.स. | वडा नं.१० कार्यालय भान्सा किचेन मर्मत | ४८५००.०० |
| **जम्मा** | | | **६३०३८८.००** |

| | |
|---|---|
| अनियमित भएको | ६,३०,३८८ |

६० **बिमा**

नगरपालिका पुजीगत- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिए देखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले सम्झौता गर्दा बिमा नगराउने तथा सम्झौता गर्दाका बखत बिमा गराएता पनि निर्माण कार्यको म्याद थप हुदा बिमाको पनि म्याद थप गर्नुपर्नेमा सो नगरी निर्माण कार्य स्वीकार गरेको देखिन्छ ।कानुनमा भएको व्यबस्थाको पालना गर्नुपर्दछ ।नमुना छनौटका रुपमा हेरिएका योजनाका केही उदाहरणः-

| **ठेक्का नं.\योजनाको नाम** | **निर्माण व्यवसायी** | **सम्झौता रकम** | **विओक्यू मा वीमा रकम** | **कैफियत** |
|---|---|---|---|---|
| Rajdhara Water supply project work Phase 2 | शिवशक्ति निर्माण सेवा, बेलटार | | २००००.०० | बिमा नगराएको |
| वडा नं. ८ को प्रशासनिक भवन निर्माण | सामातांगे निर्माण सेवा, बेलटार | ५६८००००.०० | ३००००.०० | बिमाको म्याद थप नभएको |
| वडा नं. ४ को प्रशासनिक भवन निर्माण | बेल्टारे निर्माण सेवा, बेलटार | २१७५६४४.३१ | २००००.०० | बिमाको म्याद थप नभएको |
| चमेना गृह निर्माण क्रमागत र कार्यालय परिसर निर्माण | सोङ्गे छोयलिङ्ग कन्स्ट्रक्सन | १२८९५०४.४९ | १००००.०० | बिमा नगराएको |
| क्रमागत स्वास्थ्य भवन निर्माण वडा नं. ४ | सामातांगे निर्माण सेवा, बेलटार | १९१८९४२.३०४ | १५०००.०० | बिमा नगराएको |

६१ **वितरणमुखी खर्च**

नगरपालिका पुजीगत- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यबस्था छ । पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा बृद्धि नगर्ने, बिकासशिल कार्य नहुने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समुह, क्लब लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पालिकाले रकम उपलब्ध गराएको छ । यस्ता संस्था, समुह, पर्व, जात्रा तथा संस्कृत लगायतमा रकम दिन मिल्ने कानुनी व्यवस्था रहेको देखिदैन ।अघिल्लो आर्थिक बर्षको प्रतिवेदनमा समेत यस्तो प्रकृतिको बेरुजु आउदा समेत सुधार भएको देखिएन । नमुना छनौटका रुपमा हेर्दा यस आर्थिक बर्षमा खानेपानी फिल्टर बितरण गरेको देखियो, उक्त खानेपानी फिल्टर वितरणको मापदण्डको आधार नरहेको तथा त्यस्को अनुगमनको अवस्था समेत पेश गरेको देखिएन । अतः नगरपालिका पुजीगत शिर्षकबाट भएका यस्ता प्रकृतिका खर्च नियमसम्मत देखिएन रु.

| **गो.भा.न.\मिति** | **विवरण** | **रकम** |
|---|---|---|
| १०५\०८०\८\२० | खानेपानी फिल्टर वितरण | १९३६२०.०० |
| जम्मा | | १९३६२०.०० |

| | |
|---|---|
| अनियमित भएको | १,९३,६२० |

## ६२ बीमा रकम बढी भुक्तानी

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाचँ र मूल्यांकनको आधारमा भुक्तानी दिनुपर्ने व्यबस्था रहेको छ । कार्यालयले निम्न निर्माण कार्यका लागि लागत अनुमान तथा बि.ओ.क्युमा इन्सोरेन्स पि.ए. आइटममा राखि सम्झौता भएको अवस्थामा इन्सोरेन्स गरेको बिल बमोजिमको रकम भुक्तानी गर्नुपर्नेमा बि.ओ.क्यु मा राखिएको रकमनै भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको रकम रु.१३४०७.०० असुल हुनुपर्दछ रु.

| ठेक्का नं. | योजनाको नाम | बि.ओ.क्युको रकम | बिल रकम | बढी भुक्तानी भएको |
|---|---|---|---|---|
| 08/NCB/CM/079/80 | वडा नं.८ को प्रशासनिक भवन निर्माण | ३००००.०० | २५०४८.०० | ४९५२.०० |
| 01/CGM/080/81 | वडा नं.८ को प्रशासनिकभवन निर्माण | २००००.०० | ११५४५.०० | ८४५५.०० |
| जम्मा | | | | १३४०७.०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,४०७ |

## ६३ ह्युमपाइप खरिद

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यबस्था छ । पालिकाले निम्न गोश्वारा भौचरबाट ह्युमपाइप खरिद गरी जडान गरेको भनी कार्यसम्पन्न तयार गरेको छ । तर कार्यसम्पन्न तथा मेजरमेन्ट बुकमा उक्त ह्युमपाइप कहा-कहा जडान भएको सोको चेनेज तथा लोकेशन विवरण केही नभएकोले उक्त कार्य प्रति एकिन गर्न सकिएन तर्सथ उक्त ह्युमपाइप कुन स्थानमा तथा चेनेजमा जडान गरिएको हो सो विवरण खुल्ने प्रमाणित मेजरमेन्ट तथा कार्य सम्पन्न प्रतिवेदन प्रमाण पेश गर्नुपर्ने रू.

| गो.भा.न\मिति | विवरण | परिमाण | जम्मा मुल्य(मु.अ.कर समेत) |
|---|---|---|---|
| ४४९\०८१\३\२३ | NP3 600MM | 2 | 39265 |
| | NP3 300MM | 2 | 41527 |
| ३३२\०८१\२\१७ | NP2 450MM | 4 | 41485 |
| | NP2 300MM | 10 | 62216 |
| | NP3 250MM | 4 | 57025 |
| | NP2 200MM | 13 | 51251 |
| जम्मा | | | 292769 |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९२,७६९ |

## ६४ अधुरा आयोजना

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नुपर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसार रु.१,७५,०१,०००.०० का २ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । सो योजनाहरुको म्याद थप गर्दै आएतापनि यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारी पूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| योजनाको नाम | निर्माण व्यसायी वा उपभोक्ता समितिको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम | यो बर्षसम्मको खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| Construction of Primary Hospital (15 Bed) | Om Budda- Galwa- Chinlink J.V. | 9/30/2078 | 2/25/2081 | 15543000 | 1941320.7 | 12.49% |
| Construction of cold store building at ward no. 5 | Chandra Surya Constrution | 10/25/2078 | 11/15/2080 | 1958000 | 358118.20 | 18.29% |
| **जम्मा** | | | | 17501000 | 2299439 | |

## ६५ HDPE पाइप खरिद

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यबस्था छ । पालिकाले निम्न गोश्वारा भौचरबाट एच.डि.ई.पी. खरिद गरी जिन्सी दाखिला गरेको देखाएको छ भने मौज्दात बांकी रहेको देखिएन । तर उक्त पाइपहरुको उपयोग कुन ठाउ र कहा भएको हो सोको खुल्ने नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले उक्त खरिदको उपयोग प्रति एकिन गर्न सकिएन तर्सथ उक्त एच.डि.ई.पी. पाईप कुन स्थानमा जडान गरिएको हो सो विवरण खुल्ने प्रमाणित मेजरमेन्ट तथा कार्य सम्पन्न प्रतिवेदन प्रमाण पेश गर्नुपर्ने रू.

| गो.भा.न\मिति | योजना | विवरण | साइज | परिमाण | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १३८\०८०\९\२२ | कटहरे लिफ्टिङ्ग खानेपानी योजना | PN 16 HDEP PIPE | 50mm/500 मि. | 701 kg | १९४०००.०० |
| | | | 40mm/300 मि. | | |
| | | | 30mm/500 मि. | | |
| | | | 25mm/1000 मि. | | |
| जम्मा | | | | | १९४०००.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९४,००० |

६६ **पूँजिगतबाट चालु प्रकृतिको खर्च**

नगरपालिका पुंजीगत- एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ अनुसार चालु प्रकृतिका खर्च चालु खर्च शिर्षकवाट र पुँजीगत खर्च पुजीगत खर्च संकेतवाट खर्च लेख्नुपर्नेमा चालु प्रकृतिको खर्च पुँजीगत वजेटमा समावेश गरी वजेट खर्च लेख्नु नियम सम्मत देखिएन ।यस पालिकाले तपशिल बमोजिमका चालु प्रकृतिका कार्यक्रम पूँजिगत बजेटमा समावेश गरी खर्च लेखेको छ। यसरी चालु प्रकृतिको खर्च पूँजिगत शिर्षक बाट गर्नु वित्तिय अनुशासनको उल्लङ्घन हो। यसमा कार्यालयले सुधार गर्नुपर्दछ। केही उदाहरण देहायअनुसार छन :

| भौ.न.\मिति | भुक्तानी पाउनेको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| ११\०८०\६\९ | गेलाल सप्लायर्स, बेलटार | विद्युतीय, हार्पिक लगायत विभिन्न सामाग्री | ३०४५७९.०० |
| ११\०८०\६\९ | पुमा इलेक्ट्रिक, लाफाचोक | विद्युतीय सामाग्री | २४९६६२.२० |
| ४२\०८०\६\१६ | पुश्कल राई | फुलहरुको विरुवा खरिद | २४९००.०० |
| ५६\०८०\६\२२ | दिप्रसा टेड्रर्स, बेलटार | डसबिन, डोरम्याद लगायत अन्य | ७३३३५.०० |
| १०७\०८०\८\२९ | कपिला गिरी | विरुवा खरिद | ५००००.०० |
| १११\०८०\८\२४ | ड्रिम ल्याण्ड होटल एण्ड गेष्ट हाउस | विविध खर्च | २४४१५.०० |
| **जम्मा** | | | ७२६८९१.०० |

६७ **एजबिल्ट ड्राइङ्ग**

नगरपालिका पुजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र निर्माण व्यबसायीले निर्माण भए बमोजिमको(एजबिल्ट नक्सा) पेश गर्नुपर्ने व्यबस्था छ । कार्यालय र निर्माण व्यवसायी बीच भएको सम्झौताको स्पेशल कन्डिसन अफ कन्ट्रयाक्ट बमोजिम निर्माण व्यबसायीले कार्यसम्पन्न भएको समयमा एज बिल्ट ड्रइङ्ग पेश गर्नुपर्ने र सो डकुमेन्ट पेश नगरेमा तोकिएको रकम रोक्का(बिद हेल्ड) गरिने उल्लेख छ ।पालिकाले यस बर्ष निर्माण सम्पन्न भएका निम्न निर्माण कार्यको अन्तीम बिल भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि एज विल्ट ड्रइङ्ग पेश भएको पाइएन ।तसर्थ एज बिल्ट ड्रईङ्ग पेश नभएकोले शर्त बमोजिम एज बिल्ट ड्रईङ्ग तयार गराई सोको प्रमाण पेश हुनुपर्ने रू.

| योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता रकम | कन्डिसन | रकम रोक्का(बिद हेल्ड) |
|---|---|---|---|---|
| वडा नं.८ को प्रशासनिक भवन | सामातांगे निर्माण सेवा, बेलटार | ५६८०००००।०० | जिसिसि ७१.२ | ५००००.०० |
| वडा नं.४ को प्रशासनिक भवन | बेल्टारे निर्माण सेवा, बेलटार | २१७५६४४.३१ | जिसिसि ७१.२ | ५००००.०० |
| **जम्मा** | | | | **१०००००.००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

६८ **उपभोक्ता समितिलाई बढी भुक्तानी**

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाचँ र मूल्याकंनको आधारमा भुक्तानी दिनुपर्ने व्यबस्था रहेको छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अँश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने छ ।नमुना छनौटको रुपमा हेरिदा नगरपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउदा कार्य सम्पादन मुँल्याकन पश्चात खुद भुक्तानी गर्नुपर्ने रकम भन्दा बढी रकम रु.११२९९.०० उपभोक्ता समितिलाई भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| गो भा न | उपभोक्ता समिति तथा योजना | लागत अनुमान (उ.स.अंश समेत) | मुल्यांकन | भुक्तानी भएको | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| २९५\०८१\१\२४ | प्रशासनिक भवन वडा नं.९ तला थप | ७१८७७२.८८ | ७०७१४३.०५ | ५९७९४९.०० | ५९१५०५.०० | ६४४४.०० |
| ३४३\०८१\२\१८ | बिरेन्द्र बजार खानेपानी योजना | ४३६५५३.३५ | ४३३५०९.०९ | ३९०१५८.०० | ३८५३०३.०० | ४८५५.०० |
| **जम्मा** | | | | | | ११२९९.०० |

| असुल गर्नुपर्ने | ११,२९९ |
|---|---|

६९ **नपाउने मूल्य अभिबृद्धि कर**

नगरपालिका चालु - मूल्य अभिबृद्धि कर ऐन २०५२ को अनुसुची १ का मू.अ.कर छुट हुने वस्तु तथा सेवाहरुको व्यवस्था छ । उत्त व्यवस्था अनुसार बाख्रा खरिद बिक्रिमा भ्याट लाग्ने देखिदैन । भ्याट नलाग्ने वस्तु विक्री गरी भौचर नं ६०२ मिति २०८१।१।१३ बाट रु ८३२० र भौचर नं ६०२ मिति २०८१।१।१३ बाट रु ८३२० समेत गरी रु १६६४० पौडेल ट्रड एण्ड सप्लायर्सलाई भ्याट भुक्तानी भएकोमा असुल हुनु पर्ने रु

| असुल गर्नुपर्ने | १६,६४० |
|---|---|

७० **जटिल संरचना निर्माण**

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी., फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो।यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ।यसका केही उदाहरणहरु यस प्रकार रहेका छन्:

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३१\०८०\६\११ | कटहरे खानेपानी मर्मत तथा संम्भार उ.स. | सोलार प्यान जडान लगायतका अन्य विद्युतीय कार्य | ९६५११५०.०० |
| २०७\०८०\११\२७ | भिमा दनुवारी टोल देखि भिमा ट्रष्ट पुलसम्म ग्राभेल तथा कल्भर्ट निर्माण उ.स. | कल्भर्ट निर्माण | ६२६९५८.०० |
| २३१\०८०\१२\२ | भुमिका गिरी घरजाने बाटोमा कल्भर्ट निर्माण उ.स. | कल्भर्ट निर्माण | २८९५६३.०० |
| २४०\०८०\१२\४ | जोडकोष प्रधानमन्त्री रोजगार कार्यक्रम | कल्भर्ट निर्माण | ६७७४०००.०० |
| २९६\०८१\१\२४ | प्रधानमन्त्री रोजगार कार्यक्रम साझेदारी | कल्भर्ट निर्माण | ८१८६८०.०० |
| ३००\०८१\१\२४ | धामिचाप पुल निर्माण उ.स. | पुल निर्माण | ३८४६८४.०० |
| ३९८\०८१\३\१३ | कुमाङ्ग पुल तथा कल्भर्ट निर्माण उ.स. | पुल तथा कल्भर्ट निर्माण | ९२०३००.०० |
| **जम्मा** | | | **१०७७९३३५.००** |

## ७१ शीर्षक फरक पारी खर्च

नगरपालिका पुंजीगत- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली,२०७७ को नियम ३८ मा बजेट खर्च गर्न वा खर्च निकासा गर्न दिनु अघि स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको एकीन गर्नुपर्ने व्यवस्था छ ।नमुना छनौटको रुपमा हेर्दा पालिकाले निम्नानुसारको फरक शीर्षकबाट खर्च भुक्तानी गरको छ। विनियोजित बजेट सम्बन्धित खर्च शिर्षकको अधिनमा रही खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ। फरक शीर्षकमा खर्च गरेको रु. ९३५८८.०० रकम नियमित देखिएन रू.

| भौचर नं. र मिति | शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|
| ४३१\०८१\३\२० | चौदण्डी वडा १ मा महिला भवन घेरावार | ९३५८८.०० | झ्याल ढोकामा प्ल्रा राख्ने, प्लास्टिकको कुर्सी, कार्पेट आदी खरिद |
| **जम्मा** | | ९३५८८.०० | |

| | |
|---|---|
| अनियमित भएको | ९३,५८८ |

## ७२ हेभी इक्युपमेन्टको प्रयोग

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा कामको मुख्य उद्देश्य रोजगारी श्रृजना गर्ने भएमा उक्त काम उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ ।नमुना छनौटका रुपमा श्रेस्ता परीक्षण गर्दा पालिका अन्तर्गत सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको नपाइएकोले नियमसम्मत देखिएन ।यसका केही उदाहरणहरु यस प्रकारका रहेका छन् ।

| गो भा न | उपभोक्ता समितिको नाम | कामको विवरण | मुल्याँकन | भुक्तानी | मेशिन प्रयोगको मु.अ.कर बिल |
|---|---|---|---|---|---|
| ७२ | चारघरे गढी पुर्व बाटो मर्मत उ.स. | बाटो मर्मत | ३५१६६८.९० | ३१५२५०.०० | ३१५२५०.०० |
| १२३ | दुम्मा ग्लानटोल सिम्पानी र गयोघारी बाटो नर्माण उ.स. | बाटो निर्माण | ४३४१८३.१९ | ३८८०००.०० | ३८७३००.०० |
| १७४ | किरात करम्जेभित्तेली मकमडाडा टोलसम्म सडक स्तरोन्नती उ.स. | सडक स्तरोन्नती | ४८१६९१.७५ | ४३४३४०.०० | ३७३४०४.०० |
| **जम्मा** | | | | **११३७५९०.००** | **१०७५९५४.००** |

७३ **प्राविधिक प्रतिवेदन पेश नभएको**

४६३-१२।१ नगरपालिका चालु - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने वील भपाई प्रमाण र कागजात सम्लग्न हुनुपर्ने उल्लेख छ। कार्यालयले विश्व बहुउदेश्य अनुसन्धान कृषि फार्मबाट रक्तचंदन र श्रीखण्डका रु ४५०००० को विरुवा खरिद गरी यस वर्ष ७५००० भुक्तानी गरी रु ३७५००० भुक्तानी दायित्व राखेकोमा खरिद गरीएका ३६०० विरुवाको रोपणको अवस्था खुल्ने प्राविधिक प्रतिवेदन पेश नभएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५०,००० |

७४ **प्रोत्साहन भत्ता**

आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ मा वार्षिकआयको गणना र पारीश्रमिक करकट्टी सम्बन्धमा व्यवस्था रहेको छ।पालिकाले यस आर्थिक वर्षमा जनता मावि हडियाको प्रध्यानध्यापक श्री राम बहादुर राउत लाई प्र.अ.प्रोत्साहन वापत १२ महिनाको अवधिमा रु १ ६६६७ दरले प्रति महिना गरी जम्मा रु १९९९९८।०० प्रोत्साहन भत्ता भुक्तानी दिएकोमा ऐनबमोजिम करकट्टी गरेको छैन।अत : करकट्टी गर्नछुटभएको पारिश्रमिक कर रु २७९९९ सम्बन्धितबाट असुल गरी संघीयसंचित कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,९९९ |

७५ **करूणा फाउन्डेसनतर्फ**

अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालनका लागि नगरपालिका, प्रदेश सरकार र करूणा फाउण्डेसन, नेपालबीच भएको सम्झौताको शर्त नं. ३ बमोजिम खर्च रकममध्ये करूणा फाउण्डेसन, नगरपालिका र सामाजिक विकास मन्त्रालय, कोसी प्रदेशले एक एक तिहाइ रकम व्यहोर्ने व्यवस्था छ । यस आर्थिक वर्षमा करुणा फाउण्डेशनबाट रु. १५६१२९२।००, प्रदेशबाट रु. १५६१२९२।०० र पालिकाबाट रु. १५६१२९२।०० समेत गरी जम्मा खर्च रकम रू. ४६८३८७७।०० भएको छ । पालिकाले तयार गरेको विवरणअनुसार ‘क वर्गको २०६ जना, ‘ख वर्गको ४७१ जना, ‘ग वर्गको १८९ जना र ‘घ वर्गको १०० जना गरी ९६६ जनाले अपाङ्गता परिचयपत्र प्राप्त गरेका छन् । पालिकाले अपाङ्गता भएका व्यक्तीहरुको समुहहरु गठन र उनीहरुको सशक्तीकरण ,जनचेतना कार्यक्रम संचानलन गरेको छ। कार्यक्रमले लिएको उद्वेश्यअनुसार अपाङ्गता भएका व्यक्तिहरूका लागि सहयोग हुने गरी प्रभावकारी कार्यक्रम सञ्चालन भए नभएको अनुगमन गर्नु पर्दछ।

७६ **औषधि व्यवस्थापन**

यस कार्यालयबाट खरिद भएका५ प्रकारका औषधिको प्राप्ती, उपयोग र मौज्दातको स्थितिको परीक्षण गर्दा देखिएको व्यहोरा देहायबमोजिम रहेको छ ।

| औषधिको नाम | गत वर्षको मोज्दात | पालिकाबाट खरिद | स्वास्थ्य कार्यालयबा प्राप्त | जम्मा आम्दानी | खर्च | बाँकी मौज्दात | म्याद समाप्त मिति |
|---|---|---|---|---|---|---|---|
| Amoxycillin DT 250 mg | 5700 | 10000 | 0 | 15700 | 15200 | 500 | 10/31/2025 |
| Losartan 25mg | 2000 | 2000 | 0 | 4000 | 0 | 4000 | 2/28/2026 |
| Propanolol | 2000 | 3000 | 0 | 5000 | 600 | 4400 | 2/28/2025 |
| Aluminium hydroxide+magnessium tricillicate | 47000 | 0 | 0 | 47000 | 31800 | 15200 | 2/28/2026 |
| Oral rehydration salt ORS | 7580 | 12700 | ० | 34600 | 20280 | 10460 | 8/31/2025 |

औषधिको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ती र निकासा विच सन्तुलन कायम रहनु पर्दछ । Authorized stock level, Emergency order point औषधि प्राप्त हुने समय, Load time maximum consumption आइटम, Minimum Consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले त्रुटि एवं बढी समेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधि रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्भावना रहेकोले औषधिको माग पहिचान गरी खरिद र खर्च विच सन्तुलन कायम गर्न पर्दछ, भने जनतालाई निशुल्क स्वास्थ्य सेवा पुर्‍याउने तर्फ ध्यान दिनुपर्दछ।

७७ **प्रतिस्पर्धात्मक विधिबाट खरिद नभएको**

नगरपालिका चालु - सार्वजनिक खरिद ऐनको दफा ४० को उपदफा ३ मा सिलवन्दि दरभाउपत्रबाट औषधि खरिद गर्दा १५ दिनको सूचना दिनु पर्ने व्यवस्था छ । कार्यालयले निशुल्क वितरण गरिने औषधि सशस्त्र चालुबाट रु १२५२००० र नगरपालिका चालुबाट रु ११२२२८४ समेत रु २३७४२८४ खरिद गरेको छ। कार्यालयले निशुल्क वितरण गर्ने ९८ प्रकारका औषधि खरिद गर्न रु ४०५५७९६ को लागत अनुमान तयार गरी सूचना आह्वान भएकोमा ३ वटा सप्लायर्सले दररेट पेश गरेकोमा २ बटा सप्लायर्सले मिलेमतो गरेको भनि मिति २०८०।१०।९ को मूल्याङ्कन समितिबाट बोलपत्र रद्ब गरेको पाइयो ।कार्यालयले दरभाउपत्र रद्ब गरी कोटेशनको माध्यमबाट खरिद गर्न औषधिको परिमाण घटाई ३ वटा फर्मलाई दरभाउपत्र रद्ब भएको धेरै समय पछि मिति २०८०।१२।९ दररेट पेश गर्न दररेट मागगरी कोटेशनमा छनौट भएको हलेसी मेडीसिनले रु २५१६७०१ को दररेट पेश गरेको पाइन्छ जुन रकम कोटेशनबाट खरिद गर्न मिल्ने देखिदैन ।कार्यालयले मिति २०८०।१०।९ मा रद्ब गरेको दरभाउपत्र पून सुचना गरी कोटेशनबाट खरिद गरेको मिति २०८०।१२।९ भन्दा अगाबै प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्न सकिने अवस्था हुदाहुदै कोटशनबाट खरिद गर्नु नियम सम्मत देखिएन।

७८ **संझौता बमोजिमका औषधि आपूर्ति नभएको**

नगरपालिका चालु - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा संझौता बमोजिम कार्य नगरेमा ०.०५ प्रतिशत हर्जना असुल गर्नु पर्ने व्यवस्था छ भने नियम १४१ मा संझौता बमोजिम कार्य नगरेमा कालो सुचिमा राख्न सकिने उल्लेख छ।कार्यालय र मेरीगोल्ड इन्टरनेशनल प्रा.ली. विच मिति २०७९।१०।२० मा भएको संझौता अनुसार देहायका सामानहरु कार्यालयलाई उपलव्ध गराएको पाइएन ।संझौता बमोजिम कार्य नगर्ने आपूर्तिकर्तालाई कुनै कारवाहीगरेको पाइएन ।महगो दररेट हालेको औषधि उपलब्ध नगराउने अवस्था रहने र संझौता वमोजिम सामान उपलब्ध नहुदा जनतालाई औषधिको अभाव हुदाँ स्वास्थामा पर्ने समस्याका बारेमा कार्यालयले ध्यान दिएको पाइएन। कार्यालयका कर्मचारीबाट समेत संझौता बमोजिमका औषधि आपूर्ति गर्न ध्यान दिएको पाइएन।अतः संझौता बमोजिम औषधि सप्लाई नगर्ने आपूर्तिकर्तालाई कालो सूचिमा राख्ने तथा हर्जना लिने कार्य भएको पाइएन ।

| औषधिको नाम | संझौता परिमाण | खरिद परिमाण | फरक परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| **Amoxiciline125mg** | **1000** | **500** | **500** | **85** | **42500** |
| **Ciprofloxian ear drops** | **5000** | **2000** | **3000** | **30** | **90000** |
| **Benzoic acid+salicalic acid** | **4000** | **2000** | **2000** | **70** | **140000** |
| **Amlodipine5mg** | **75000** | **10000** | **65000** | **5** | **325000** |
| **Benzyalbenzoate lotion** | **1062** | **500** | **562** | **120** | **67440** |
| **Oral rehidrationsalt20.5mg** | **15000** | **2000** | **13000** | **5.75** | **74750** |
| **Methylated sprite450ml** | **1110** | **100** | **1010** | **240** | **242400** |
| **Virex pouder** | **1000** | **400** | **600** | **78** | **46800** |
| **Adhesive tape10cm5m** | **204** | **100** | **104** | **310** | **32240** |
| **Povidine iodine solution** | **500** | **240** | **260** | **320** | **83200** |
| जम्मा | | | | | 1144330 |

७९ **आन्तरिक राजस्व**

पालिकाले सांग्रिला सुशासन संफ्टवेयर मार्फत विभिन्न दस्तुर तथा मालपोत लगायतका राजस्व संकलन गर्ने गरेको छ। पालिकाले वडा तथा पालिकामा उक्त सफ्टवेयरबाट रसिद जारी गरी कूल रु.१,१९,३२,११५।०० गरेकोमा कतिपय संकलनकर्ताले समयमै राजस्व दाखिला गरेको देखिदैन । उदाहरणका लागि वडा नं. ३ बाट संकलन भएको राजस्व रकम मध्ये माघ देखि जेष्ठ सम्म रु १७३३३४।०० संकलन भएकोमा एकमुष्ठ जेष्ठमा मात्र वैंक दाखिला गरेको पाइयो । पालिकाको आन्तरिक राजस्व खाता रहेको वैंक स्टेटमेन्टलाई आधार मानी सुत्र प्रणालीमा शीर्षकगत विवरण खुल्ने गरी आम्दानी बाधिनुपर्नेमा सो गरेको देखिदैन। सफ्टवेयर प्रणालीबाट आन्तरिक राजस्व संलकन गरी समयमै राजस्व दाखिला गर्नुपर्दछ।

८० **करदाताको अभिलेख**

आयको विवरण अनुसार पालिकाले आय अनुमान गरेका न्यायिक दण्ड जरिवाना , प्रदुषण नियन्त्रण शुल्क, कृषि उत्पादनको विक्रीवाट प्राप्त आय, सरकारी सम्पत्तिको विक्रीवाट प्राप्त आय लगयतका शिर्षकमा कर असुलनै गरेको देखिदैन भने सम्पत्ति कर, भुमी कर तथा घर जग्गा रजिष्ट्रेशन शुल्कजस्ता महत्वपुर्ण आय शिर्षमा अनुमानभन्दा न्युन राजश्व असुल भएको देखिन्छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

८१ **राजस्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ को दफा २८ (१) मा जिम्मेवार व्याक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने व्यवस्था छ । यस पालिका तथा पालिका अन्तरगतका विभिन्न वडा कार्यालयहरुले तोकिएको अवधिमा दाखिला नगरी १० देखि १५ दिन सम्म ढिला दाखिला गरेको देखियो । पालिकाले कानुनमा भएको व्यवस्था अनुरुप दाखिला गराउनु पर्ने देखिन्छ ।

८२ **आन्तरिक आय तर्फ**

८२.१ नगरपालिकाको आर्थिक ऐन अनुसार नक्सापास बापत नयाँ घरको तला थप समेतको प्रति वर्ग मिटर रु. ६।– तथा पुरानो घरको प्रति वर्ग मिटर रु. ८।– का दरले दस्तुर लिने व्यवस्था छ । नगरपालिकाले पेश गरेको नक्सा पास सम्वन्धि रजिष्टरको सि न १६१ देखि २०२ सम्म नयाँ भवनको नक्सा पास र सि नं १६६ देखि २०६ सम्म पुरानो भवन निर्माण तथा मर्मत समेतको नक्सा पास सिफरिसको

राजस्व दाखिलाको विवरण पेश भएन । तोकिएको सि नं सम्मको वर्ग मिटर खुलाई नगरपालिकाबाट नक्सापास वापतको कर दाखिला एकिन गर्नुपर्ने देखिन्छ ।

नगरपालिकाको आर्थिक ऐन अनुसार अमिन सेवा प्रयोग वापतको दस्तुर रु १०००।०० लिने र असुल दस्तुरको १५ प्रतिशत वापत प्रोत्साहन भत्ता सम्वन्धित प्रविधिकलाई दिने व्यवस्था गरेको छ । यस वर्ष अमिन सेवा प्रयोग वापतको दस्तुर रु २४५०००।०० असूल गरेको जनाई अमिन प्रकासचन्द्र आचार्यलाई रु ३६७५०।०० प्रोत्साहन भत्ता खर्च लेखेको छ । पेश भएको विवरण अनुसार रु ५५२००। मात्र असुल देखिएकोले बढी भुक्तानी भएकोरु २४५०००।०० असुल गर्नु नपर्ने भए प्रमाण पेश गर्ने अन्यथा दाखिलाा हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४५,००० |

८२.२ पालिकाले व्यक्तिगत निजी जग्गा धनिको ढुंगा गिट्टी बालुवा विक्रि अनुमति दिएकोमा विवरण अनुसार रु २४३३१०६।०० कर संकलन भएको देखिएको छ । ठेक्का लगाउँदा मुल्य अभिवृद्धि कर ऐन २०५२ दफा १५(३) अनुसार असूल गरी दाखिला गर्नुपर्नेमा पालिकाले लेखापरीक्षण अवधीसम्म दाखिला गरेको नदेखिएकोले रु २४३३१०६।०० मा समावेश भएको मुअकर रु ३१६३०४।०० संघीय संचित कोषमा दाखिला भएको प्रमाण पेशगर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,१६,३०४ |

८२.३ विभिन्न मितिमा वालुवा संकलन तथा विक्री निकासीकालागि बोलपत्र आहवान गरेको तर ठेक्का नलागेको जनाई २०८०।९।१८ को कार्यपालिका निर्णयले उज्जवल ट्रेडर्स एण्ड सप्लायर्स चौदण्डी ५ लाई सिवाई खोला र त्रियुगा खोलाबाट ३००० घनमिटर प्रदेश सरकारको आर्थिक ऐन २०८० अनुसारको रु २३९।४० भ्याट समेत का दरले रु ७१८२००।०० को वालुवा संकलन तथा विक्री निकासी अनुमति दिएकोमा निजले उठाउन पाउने परीमाणको चार किल्ला कार्यालय प्रमुखबाट स्विकृति भएको देखिएन । सप्लायर्सले केकति परीमाणमा वालुवा उत्खन्न संकलन तथा विक्री निकासी गरेको सम्वन्धमा कार्यालयले अनुगमन समेत गरेको नदेखिएकोले तोकिएको परीमाणमा मात्र उत्खन्न भएको सम्वन्धमा एकिन गर्न सकिएन । निकासी परीमाणको अनुगान नगरेको सम्वन्धमा निकासी अनुमती वमोजिमको उत्खनन भएको तथा सो कार्यको लागि भएको अनुगमन समेतको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,२०,००० |

## ८३ विभाज्य कोष तर्फ

८३.१ मू.अ.कर दाखिला - पालिकाले मिति २०८०।९।१८ को निर्णयानुसार उज्जवल ट्रेडर्स एण्ड सप्लायर्यस समेत शाखा प्रमुख प्रकाश वन लगायत सम्वन्धित वडा अध्यक्ष मार्फत व्यक्ति परिचालन गरी ९१ ठेली प्रयोग गरी नदिजन्य पदार्थको कर संकलन गर्ने निर्णय गरेकोमा प्रयोग भएको २२ ठेलीको विवरण अनुसार रु ३३३७८३७।०० कर संकलन भएको देखिएको छ । नदिजन्य पदार्थको कर संकलन गर्दा मुल्य अभिवृद्धि कर ऐन २०५२ दफा १५(३) अनुसार असूल गरी दाखिला गर्नुपर्नेमा पालिकाले लेखापरीक्षण अवधिसम्म दाखिला गरेको नदेखिएकोले रु ३३३७८३७।०० मा समावेश भएको मुअकर रु ४३३९१८।०० संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,३३,९१८ |

८३.२ छुट सुविधा - प्राकृतिक स्रोत सङ्कलन तथा विक्रि शुल्क (ढुङ्गा गिट्टी बालुवा) उत्खन्न कार्य ५९७१५ घन मिटरको ठेक्का नं १५। २०८०।८१ श्री सीम्रन एण्ड यस कन्ष्ट्रक्सनसंग कवोल अंक रु १६५११११११।०० मा सूचनामा उल्लेख भए १० प्रतिशत छुट गरी रु १४८६००००।०० को ठेक्का मिति २०८०।९।१९ सम्झौता गरी कार्यदेश दिएकोछ । सम्झौता बमोजिम भुक्तानी गर्दा ठेक्का कवोल

अंक रु १६५१११११।०० को १३ प्रतिशत मूअकर रु २१४६४४४।०० छुट पछिको कवोल अङ्क रु १४८६०००।०० समेत जम्मा रु १७००६४४४।०० जम्मा गरेपश्चात १० प्रतिशत छुट दिनुपर्ने देखिन्छ । निर्माण व्यवसायिले सम्झौता बमोजिमकोछुट पछिको कवोल अङ्क रु १४८६०००।०० मिति २०८०।९।१ मा र १३ प्रतिशत मूअकर रु २१४६४४४।०० ढिलागरी मिति २०८०।११।१४ सम्ममा पटक पटक गरी दाखिला भएको हुँदा छुट दिन नमिल्ने रकम छुट दिएको हुँदा उक्त रकम पाउने आधार पेश गर्ने अन्यथा असुल गर्नुपर्दछ । रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,५१,१११ |

८३.३ ढुंगा, गिटी, बालुवा उत्खनन्, बिक्रि व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ५को उपदफा (५) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री वितरणको ठेक्का बन्दोबस्त सम्बन्धी सूचना अनुसूची - २ (क) बमोजिमको ढाँचामा प्रकाशन गर्नुपर्नेछ । त्यस्तो सूचना बमोजिम ठेक्का प्राप्त गर्ने व्यक्तिसँग अनुसूची- २(ख) बमोजिमको ढाँचामा ठेक्का सम्झौता गरी अनुसूची- २(ग) बमोजिमको ढाँचामा पट्टा फाराम दिनु पर्ने व्यवस्था भएको त्यस्तै दफा ७ मा उत्खनन् र संकलन गर्न तोकिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन् र संकलन हुन नदिन आदेश दिनुपर्ने, प्राविधिकबाट गरिएको नापजाँच र रेखाङ्कनको आधारमा क्षेत्र निर्धारण गरी लाइन लेभल समेत दिनुपर्ने व्यवस्था छ । कार्यालयले नगरप्रमुख स्तरीय निर्णयबाट नगर प्रहरी परिचालन गरि उठाएको घन मिटर पेश नभएको गिटी, बालुवा तथा भरौट विक्री गरी रु २९१३००५२।०० आय संकलनको गरेकोमा प्राविधिकबाट गरिएको नापजाँच र रेखाङ्कनको आधारमा क्षेत्र निर्धारण गरी लाइन लेभल समेतको आधारमा परीमाण एकिन गरेको पाईएन । आईई प्रतिवेदनले २३१९०२ घन मिटर बरावरको गिटी, बालुवा तथा भरौट उत्खनन गर्ने प्रक्षेपण गरेकोमा चुरेको १४९७३६ घन मिटर उत्खनन गर्ने सहमति प्रदान गरेकोले आइइमा उल्लेख भएको परिमाण भन्दा घटी उत्खनन गर्ने गरी अनुमति दिएकोमा सो को कारण तथा आधार पेश भएन ।

अमानतबाट आय संकलन-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले मिति २०८०।९।१८ को निर्णयानुसार उज्जवल ट्रेडर्स एण्ड सप्लार्यस तथा शाखा प्रमुख प्रकाश वन लगायत सम्वन्धित वडा अध्यक्ष मार्फत व्यक्ति परिचालन गरी २२ ठेलीबाट रु ३३३७८३७।०० राजस्व संकलन गरेको विवरण पेश भएको छ । उक्त निर्णयानुसारको पत्रसाथ कर संकलन गरेको रकम भोलीपल्ट पालिकाको बैंकमा दाखिला गर्नुपर्नेमा निजहरुले कुल २२ ठेली रसिदमार्फत संकलन भएको राजस्व दाखिला अवधि फरक फरक रहेको समेत विवरणबाट देखिएको छ । आय ठेक्का व्यवस्था हुन नसकी बाँकी रहेका विभिन्न खोला वा घाटगद्दी क्षेत्रमा रु ५५१८१००७।४८ राजस्व संकलन हुने अनुमान भएकोमा १५।२०८०।८१ श्री सीम्रन एण्ड यस कन्ष्ट्रक्सनसंग कवोल अंक रु १६५१११११।०० घटाउँदा समेत अमानतबाट संकलित राजस्व न्यून र अविश्वसनिय रहेको छ । पालिकाको निर्णय पूर्व मिति २०७८०।६।१९ र २०७८०।९।१ देखी नै रसिद ठेली वितरण भएकोले रु ३३३७८३७।०० संकलन गरेको आयको वास्तविकता सम्बन्धमा आश्वस्त हुन सकिएन ।

८३.४ अग्रिम कर

स्थानिय तहले मुल्य अभिबृद्धि कर लाग्ने बस्तु वा सेवा बिक्रि गर्दा आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । श्री सीम्रन एण्ड यस कन्ष्ट्रक्सनसंगसँग प्राकृतिक स्रोत सङ्कलन तथा विक्रि शुल्क (ढुङ्गा गिट्टी बालुवा) उत्खन्न कार्य ५९७१५ घन मिटरको ठेक्का नं १५।२०८०।८१ बाट कवोल अंक रु १६५१११११।०० को अग्रिम आयकर रु.२४७६६।०० सम्वन्धित राजश्व शिर्षकमा दाखिला गर्नु नपर्ने भए आधार पेश गर्ने अन्यथा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने देखिन्छ । रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,७६६ |

८३.५ राजस्व फिर्ता

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा बिक्री व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ७ मा अनुगमनको क्रममा कुनै नदीमा वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का सम्झौतामा उल्लेख भए बमोजिमको उत्खनन्योग्य परिमाण र क्षेत्रको उत्खनन् भैसकेको पाइएमा अनुगमन समितिले थप सङ्कलन वा उत्खनन् कार्य बन्द गर्न निर्देशन दिन सक्ने व्यवस्था छ । पालिकाले आ व २०७९।८० द्वारखोला तथा देवधार खोलाबाट नदीजन्य पदार्थ उत्खन्न गर्न शुभप्रभात एण्ड प्रतिभा निर्माण सेवा, राजविराज-९, सप्तरीसँग मिति २०७९।१०।२२ मा कबोल अंक रु १०६२५०००।०० मुअकर बाहेक आय ठेक्काका लागि सम्झौता गरेको पाईयो । स्थानीय बासिन्दाको अवरोधका कारण नदीजन्य पदार्थ सङ्कलन गर्न नसक्ने भएकाले सम्झौता रद्द गरी निवेदन पेश गरी बाँकी किस्ता मिनाहाका लागि मिति २०७९।११।१६ मा निवेदन पेश गरेकोमा कार्यपालिकाको मिति २०७९।१२।२२ को बैठकले असुल हुन बाँकी रकम बराबरको रु ५३ लाखको जमानत फुकुवा तथा आय ठेक्का बापत व्यवसायीले पहिलो किस्ता २०७९।१०।१० र १०।१६ मा बुझाई सकेको मध्ये रु ५२५४९२०।०० फिर्ता गर्ने निर्णय गरेको देखियो । सम्झौता मिति २०७९।१०।२२ देखि अवरोधका कारण नदीजन्य पदार्थ सङ्कलन गर्न नसकेकोले ठेक्का अन्त्य नगरेको तथा फिर्ता दिने निर्णय अवधि सम्म उत्खन्न गरेको परीमाण सम्वन्धमा एकिन गरेको अनुगमन समितिको प्रतिवेदन समेत पेश गरेको देखिएन । विचाराधिन मुद्दा फैसला नहुदै २०८०।९।२६को नगर सभाबाट फिर्ता दिने निर्णय गराई निर्माण व्यवसायीसंग मिलापत्र गरी फिर्ता गरेकोमा मनसाय नै फिर्ता दिने रहेको देखियो । सम्झौता शर्तमा उल्लेख नभएको तथा सभाबाट अनुमोदन समेत नगराई पालिकालाई थप व्ययभार पर्ने गरी रु ५२५४९२०।०० फिर्ता गरेको नियमसम्मत देखिएन । रू.

| | |
|---|---|
| अनियमित भएको | ५२,५४,९२० |

८३.६ घाटगद्दीमा भएको नदिजन्य पदार्थ लैजाने अनुमती

क्षेत्रको उत्खनन् भैसकेको पाइएमा अनुगमन समितिले थप सङ्कलन वा उत्खनन् कार्य बन्द गर्न निर्देशन दिन सक्ने व्यवस्था छ । नगरपालिका र ईन्द्रेनी सागरमाथा जेभिविच आर्थिक वर्ष २०७८।७९ मा १२६९२९ घन मिटर ढुङ्गा, गिट्टी, बालुवा उत्खन्न गर्नको लागि रु ३,७५,००,००१।०० मा सम्झौता बमोजिम ३०६९५।०० घन मिटर ढुङ्गा, गिट्टी, बालुवा पालिकाले लैजान नदिएको जनाई दायर मुद्दाको जिल्ला अदालतको फैसलाको मिसिलमा उल्लेख भएको रु ३,७५,००,००१।०० मध्ये प्रथम किस्ता रु १,५०,००,०००।०० तथा मिति २०८१ ।३।१९ मा रु २०,००,०००।०० र मिति २०८१ ।३।२१ रु ५,००,०००।०० २०८०।५।०७ मा रु ८२,६१,४८५।०० समेत जम्मा रु २,५७,६१,४८५।०० दाखिला गरेको र दाखिला गर्न बाँकी रु १,१७,३८,५१५।०० को बैक जमानत रु २ करोड धरौटी जफ्त गरी आम्दानी जनाएको छैन । उत्खन्न गरेको मध्ये घाटगद्दी गरी खोला किनारमा राखेको ३०६९५।०० घन मिटर ढुङ्गा, गिट्टी, बालुवा पालिकाले मिति २०८०।७।२३ मा लैजान अनुमति दिनुपुर्व बैकमा जमानत रहेको रु २ करोड मध्ये असुल हुन बाँकी रु १,१७,३८,५१५।०० जफ्त गरी राजस्व दाखिला गर्नुपर्नेमा नगरी लैजान अनुमति दिएको देखिएकोले असुल हुन बाँकी रु ११७३८५१५।०० धरौटी जफ्त गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने देखिन्छ । रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१७,३८,५१५ |

## ८४ राजस्व बाँडफाँड

स्थानीय तहले प्रदेश आर्थिक ऐन, २०८० को दफा ६ बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजस्व बाँडफाँड गर्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष प्राकृतिक स्रोत सङ्कलन तथा विक्रि शुल्क (ढुङ्गा गिट्टी बालुवा) वापत कुल रु.३४४,३६,५०६।०० आम्दानी गरेकोमा प्रदेश सरकारलाई पठाउनुपर्ने ४० प्रतिशतले हुने रु १३,०८,४००।०० हालसम्म पठाएको देखिएन। कानुन बमोजिम प्रदेश सञ्चित कोषमा बाँडफाँड गरी पठाउनु पर्ने रु.

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने ४० प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| प्राकृतिक स्रोत सङ्कलन तथा विक्रि शुल्क (ढुङ्गा गिट्टी बालुवा) | ३४४३६५०५ | १३७७४६०२ | १२४६६१९४<br>गतसालको घटाई बाकी फिर्ता ५३ लाख | १३०८४०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,०८,४०० |

८५ **संघिय ससर्त**

बार्षिक एकमुष्ठ अनुदानबाट बिद्यायल सञ्चालन गर्ने कार्यविधि २०७६अनुसार स्वीकृत दरबन्दी तथा राहत अनुदान प्राप्त नगरेका सामुदायिक विद्ययालयहरुले प्राथमिकता निर्धारण गरी तयार गरेको योजनालाई प्रभावकारी कार्यान्वियन गरी विद्यार्थीहरुको सर्वपक्षीय विकास, सिकाइ उपलब्धी अभिबृद्ध तथा विद्यालयको आन्तरिक सक्षमता विकासको लागी विद्यालय क्षेत्र विकास योजनामा उल्लेख भए अनुसार बार्षिक एकमुष्ट अनुदान दिन सकिने प्रावधान छ। यस्तो खर्च विद्यालयले शिक्षक तलब, विद्यालय सहयोगी तलब , शैक्षिक सामाग्री , विद्यालय व्यवस्थापन तथा विद्यालय सुधार योजनामा खर्च गर्न सक्ने व्यवस्था छ ।उक्त कार्यविधि अन्तर्गत पालिकाबाट श्री मदर्शा विसमिल्लाह आ वि सिवाईलाई रु २४१००० भुक्तानी गरेकोमा लेखापरीक्षणको समयमा त्यस्तो खर्चको अनुगमन प्रतिवेदन पेश हुन नआएकोले अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४१,००० |

८६ **शिक्षक दरबन्दी र पदपुर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भईनियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका४८सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्यानिम्नानुसार रहेको देखिन्छ।

| विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| विभिन्न ४८ विद्यालय | ३३२ | ३३२ | ४८ | १०६६६ |

८७ **छात्रवृति वितरण कार्यक्रम**

कार्यक्रम कार्यान्वियन पुस्तिका,२०८०।८१ को क्रियाकलाप नं २.८.४ माउल्लेखित आवासीय एवम् गैर आवासीय छात्रवृति प्राप्त गर्ने सङ्ख्या यकिन गरी तोकिएको दरअनुसार शीर्षक खोली स्थानीय तहमा बजेट माग गर्ने तथा छात्रवृति अनुदान प्राप्त विद्यालयकोविव्यसले स्थानीय तहको निर्देशन एवम् आधारहरुलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावकसङ्घ समेतको सहभागितामा विद्यालयमा उपलब्ध अनुदान(छात्रवृति) मध्येबाट विद्यालयव्यवस्थापन समितिले थप आधारहरु तय गरी छात्रवृति पाउने छात्रछात्राहरुको नामवालीसहितकोविवरण अधावधिक गर्ने तथा सो नामावली विद्यालयको सूचना पाटीमा अनिवार्य रुपमा टाँस्नलगाई सोही अनुरुप छात्रवृति वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न भौचर नं १५७/०८०/१२/१५ वाट रु १४,९०,०००।०० रकम छात्रवृतिका लागि ४५ विद्यालयको नाममा निकासा पठाएको छ।निम्न विद्यालयहरुलाई छात्रावृति वापत निकासा भएको रकमको विद्यार्थिहरु लाई वितरण गरेको भरपाई पेश हुन नआएकोले वितरण गरेको भरपाई पेश हुनु पर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| गौ भौ नं /मिति | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १५७/०८०/१२/१५ | नारद आदर्श मावि बर्खेडाँडा | ६५२०० |
| | जनता मावि कालिखोला | ५४४०० |
| | बालज्योति आवि बदेलपानी | २४०० |
| | जनकल्याण आवि हातिसार | १६८०० |
| | जनज्योति आवि अमलचौरी | ४४४०० |
| | जनसेवा आवि सवालीटोल | ६८०० |
| | सिहदेवी मावि माडीमास | ५०४०० |
| | बुद्ध जनता आवि गंगटे | १०८०० |
| | जनता आवि छुईला | ४४०० |
| | आवि खैराहा | ५६०० |
| | भिमसेन आवि देवधार | २१६०० |
| | शारदा आवि सिद्दिपुर | १६८०० |
| | कोकन आवि ढेलाचौरी | ४८०० |
| | मदरशाह विस्मिल्लाह | ५६०० |
| | जम्मा | ३,१०,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,१०,००० |

## ८८ विद्यालय अनुगमन

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धि मापदण्ड निर्धारण गरेको छैन र आफ्नो मादहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरेको देखिएन । कार्यालयले अनुगमन सम्बन्धि निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी वनाउन तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ ।

## ८९ स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २९५८ जना रहेका छन। पालिकाले ४६१८० प्याकेट स्यानिटरी प्याड रु.१४,७७,३१२ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ।खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

९०	**ईन्टरनेट खर्च**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१को क्रियाकलापनं २.७.१३.१० मा विद्यालयसञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयमा इन्टरनेट जडान तथा संचालन शीर्षक मा प्रतिविद्यालय रु१२००० दरले रकम उपलब्ध गराउनसकिने ब्यवस्था उल्लेखगरिएको छ।जसअनुसार पालिका अन्तर्गतका निम्न विद्यालयले त्यस्तो खर्चको विलभर्पाई पेशगरी खर्चको शोधभर्ना लिनुपर्दछ।तर लेखापरिक्षणको समयमा सो सम्बन्धि विलभर्पाई पेश हुन नआएकोले विलभरपाई पेश हुनुपर्ने रु.

| गौ. भौ . नं/मिति | विद्यालयको नाम | रकम ( रु ) |
|---|---|---|
| २०८०।१०।२३ | जयकलादेब आवि कालिटार | १२००० |
| | कोकन आवि ढेलाचौरी | १२००० |
| | शिब मावि सुन्दरपुर | १२००० |
| | सगरमाथा आवि भुल्के | १२००० |
| | बुद्ध जनता आवि गंगटे | १२००० |
| | सगरमाथा मावि भोर्लेनी | १२००० |
| | जनज्योति आवि अमलचौरी | १२००० |
| | जनसेवा आवि सावालीटोल | १२००० |
| | भिमसेन आवि देबधार | १२००० |
| | जनज्योति आवि पछवारीटोल | १२००० |
| | जलेश्वरी आवि रानीटार | १२००० |
| | जम्मा | १३२००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३२,००० |

९१	**अनुगमन प्रतिवेदन**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१३ मा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान विद्यालयलाई निकासा गरेपछि निर्धारित मापदण्ड र प्रकृया अनुरुप कार्यान्वियन गरेन गरेको नियमित रुपमा अनुगमन गरी सोको प्रतिवेदन शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा पनि एक प्रति पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले देहायका विद्यालयहरुलाई देहायको अनुदान निकासा गरेपछि निर्धारित मापदण्ड र प्रकृया अनुरुप कार्यान्वियन भए नभएको सम्बन्धमा अनुगमन गरेको पाइएन । अनुगमन गरी सोको प्रतिवेदन पेश गर्नुपर्ने रु.

| गौ. भौ . नं | विद्यालयको नाम | कार्यक्रम | रकम |
|---|---|---|---|
| ३४५/०८१/३/२४ ससर्त | श्री सगरमाथा मावि भोर्लेनी | विज्ञान प्रयोगशाला | ६५०००० |
| | श्री सिंह देवी मावि माडिवास | विज्ञान प्रयोगशाला | ६५०००० |
| | | जम्मा | १३००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,००,००० |

९२	**दिवा खाजा**

पालिकाले देहायका विद्यलायहरुलाई दिवा खाजा बापतको रकम भुक्तानी गर्दा IEMIS विवरण अनुसार विद्यार्थी संख्या गणना गरी भुक्तानी गर्नुपर्नेमा पाउने रकम भन्दा बढी रकम माग गरेकोमा सोही अनुसार भुक्तानी दिएको छ । IEMIS विवरण अनुसार गणना गर्दा बढी भुक्तानी दिएको रकम सम्बन्धीत विद्यलयबाट असुल गरी संघीय सञ्चितकोष दाखिला गर्नुपर्ने रु

| गौ भौ नं/मति | विद्यालयको नाम | Emis अनुसार विद्यार्थि संख्या | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १२४/८०/१०/२३ | नारद आदर्श मावि बर्षे डाँडा | १४३ | ८३६५५ कार्तिक देखि पुस सम्म | ९२५५० | ८८९५ |
| | नमुना आवि हडिया | १४ | १८५७० श्रावण देखि पुस सम्म | २२३६५ श्रावण देखि पुस सम्म | ३७९५ |
| | आदर्श मावि कालीखोला | ९३ | ५३९८७ कार्तिक देखि पुस सम्म | ६३५८५ | ९५९८ |
| | आवि खैराहा | ५४ | ३२०९२ कार्तिक देखि पुस सम्म | ३७०८५ | ४९९३ |
| | | जम्मा | | | २७२८१ |
| | | | | असुल गर्नुपर्ने | २७,२८१ |

९३ **स्वयमसेवक शिक्षक**

९४२ - २०८१।३।१८ नगरपालिका चालु - समनिकरण अनुदानबाट विद्यालयलाई रकम निकासा गर्दा स्विकृत दरवन्दि, शिक्षक विद्यार्थि अनुपात र शिक्षक नियुक्ति प्रतिस्पर्धात्मक विधिबाट हुनु पर्दछ ।पालिकाले ज्योति मावि वेल्टारलाई ३ जना स्वयमसेवक शिक्षक नि.मा.वी. अंग्रेजी शिक्षक चन्द्रकला वराल, देविकाराई र सम्झना वानिया समेतलाई यसवर्ष तलव वापत रु ५५०००० भुक्तानी गरेको पाइयो ।विद्यालयको शिक्षक विद्यार्थि अनुपात १:५० हुनुपर्नेमा १:४१ मात्र रहेको, दरवन्दि रिक्त नरहेको र नियुक्ति प्रकृया प्रतिस्पर्धात्मक समेत नदेखिएकोले उत्त निकासा नियम सम्मत देखिएन ।

९४ **स्पेशिफिकेशन तयार नगरी खरिद कार्य**

नगरपालिका चालु - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ (१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रही तयार गर्नु पर्ने उल्लेख छ ।पालिका अर्न्तगतका वडा तथा विद्यालयहरुले विद्यालय शैक्षिक सुधार कार्यक्रम अर्न्तगत कापी खरिद गरी विद्यार्थिहरुलाई वितरण गरेकोपाइयो ।कापी खरिद गर्दा नियम अनुसार साइज, ग्राम, मोटाइ, कभर डिजाइन र पेज संख्या खुलाई स्पेशिफिकेशन तयार गरी खरिद कार्य गर्नु पर्नेमा सो अनुसार गरेको पाइएन ।खरिद गरी वितरण भएका कापीहरुमा निम्न कैफियत देखिएको छ ।

| भौ. नं. मिति | खरिद संस्थाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| ४६३-१२।१ | श्री पंन्चमी सप्लायसबाट ७ नं वर्डा कार्यालय | ७९९२३९ | <u>सगरमाथा आ.वि</u><br>- कक्षा ६ र ७ लाई११२ र १६० पेजको १विद्यार्थि वापत १२० बटा कापी वितरण गरेको<br>-वाल विकासका विद्यार्थिलाई ११२ र १६०पेजको ६० वटा १ विद्यार्थीलाई कापी वितरण गरेको जुन प्रयोग हुन नसक्ने देखिएको ।<br><br><u>पन्चमी आ.वि</u><br>-कक्षा ४ र५लाई ११२ र १६० पेजको १ विद्यार्थि वापत ११० बटा कापी वितरण गरेको<br>-वाल विकासका विद्यार्थिलाई ११२ र १६० पेजको ७० वटा कापी १ विद्यार्थिलाई वितरण गरेको जुन प्रयोग हुन नसक्ने देखिएको । |
| ४६३-१२।१ | राज्यलक्ष्मि कपि उद्योगबाट ६ नं वर्डा कार्यालय | ५९९२७५ | -विद्यार्थिलाई वितरण गरेको भर्पाई पेश नभएकोले विश्लेषण गर्न सकिएन।<br>-कापीको नमुना छनौट अध्ययन गर्दा १२० पेजको कापी हुनु पर्नेमा ४४ (२१पाना ) पेजमात्र भएकोले संझौता विपरित भएकोले बढी भुक्तानी भएको अनुपातिक रुपमा असुल हुनु पर्ने रु १७०४१० संख्या१०१९२*घटीपाना३८* दर ०.४४ |
| ४६३-१२।१ | राज्यलक्ष्मि कपि उद्योगबाट ८ नं वर्डा कार्यालय | ५००००० | विद्यार्थिलाई वितरण गरेको भर्पाई पेश नभएकोले विश्लेषण गर्न सकिएन। |

९५ **उपभोक्ता समिति**

पाालिकाले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन । पालिकाले उपभोक्ताको श्रमदान हुने गरी कार्य गराएको देखिएन । पालिकाले गत बिगत र यो वर्षमा शुरुवात भई ग्राभल निर्माण कार्य, ढलान कार्य, ड्रेन बनाउने कार्य,कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण, कुलो निर्माण, बाटो ढलान, माटो पूर्ने लगायतका कार्यको लागि उपभोक्ता समितिहरुसंग सम्झौता गरेको देखियो । पालिकासँग उपभोक्ता समितिबाट कार्य गराएका योजनाहरुको विवरण माग भएतापनि लेखापरीक्षण पेश हुन सकेन । यस वर्ष सशर्त वाहेक नगरपालिका पुजिगत खर्च रु १४ करोड २९ लाख ८० हजार खर्च भएको छ । केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

क) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७, ९७ क तथा उपभोक्ता समिति सम्वन्धी कार्यविधीको व्यवस्था अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, लगायतका मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी कुल लागत रु १ करोडसम्म भएको तथा स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अनुसार ३३ प्रतिशत महिला सदस्य हुनुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा उपयुक्त व्यवस्थाको पूर्ण पालन भएको देखिदैन । उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

ख) भुक्तानीको सिफारिसः उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा अधिकांशमा फोटाहरु संलग्न राख्ने गरेको देखिएन । केहि योजनाहरुमा सम्वन्धित वडाको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने नगरेको देखियो । उपभोक्ताबाट सम्पादित कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन । सम्वन्धित वडाले भुक्तानीको सिफारिस नगर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको एकिन हुन सक्ने देखिदैन। सबैजसो योजनाहरुमा अनुगमन समितिको अनुगमन भएको देखिएन । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन ।

ग) कामको नापजाच र हस्तान्तरणः योजनाहरुको नापी कितावमा सवै प्राविधिक कर्मचारीको हस्ताक्षर नै देखिएन भने कतिपय योजनामा एक जना प्राबिधिकको मात्र हस्ताक्षर नापीकिताव, ठेक्का बिल, र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो जसमा तालुक कर्मचारी, उपभोक्ता समितिले समेत प्रमाणित नगरेको पाइयो । उपभोक्ता समितिबाट गरिएका कार्यहरुको यथार्थ मुल्याकंन सम्वन्धमा आश्वस्त हुनसक्ने अवस्था देखिएन । योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन । कार्यालयले सम्पूर्ण योजनाहरु अद्यावधिक नगरेका कारण आवधिक रुपमा भुक्तानी भएका योजनाहरु दोहोरो परे नपरेको एकिन गर्न सकिएन । कार्यालयले योजनाहरुको अद्यावधिक लगत बनाई राख्नुपर्दछ ।

घ) जनसहभागिताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । कार्यालयले आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । उपभोक्ता समिति गठन गरी कुल लागत अनुमानको १० प्रतिशत रकम ब्यहोर्ने गरी सम्झौता गरेको देखियो । उपभोक्ताको अंश नगद नरहि श्रमदानबाट हुने देखिन्छ । कामको प्रकृती, प्राविधिक विल, उपभोक्ता समितिबाट खर्च भएका विल विजकहरु पेश नभएका कारण प्रमाणहरु एक अर्कामा मेल खाने नखाने एकिन गर्न सकिने अवस्था रहेन। यसबाट गुणस्तरीय कार्य भएको छ भन्न सकिने आधार देखिएन । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश लगाई योजनामा उपभोक्ताको अपनत्व बृद्धि गर्नुपर्दछ ।

ङ)सार्वजनिक परिक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ग्राभल निर्माण कार्य, ढलान कार्य, ड्रेन बनाउने कार्य,कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण, माटो पूर्ने कार्य गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

